**व्यक्तिगत विवरण सुरक्षित राखौं, साइबर अपराधबाट जोगिऔं**

- ह्वाट्सएप, इमो, भाइबर, मेसेन्जर लगायतका सामाजिक सञ्जालमा आएका शङ्कास्पद भिडियो वा अडियो कल नउठाऔं। त्यस्ता कल पटक-पटक आए ब्लक गरौं।
- आफ्ना व्यक्तिगत विवरणहरू (ओटिपी, युजर नेम, पासवर्ड, बैंक खाता नम्बर, पिन कोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्म मिति) कसैलाई साझा नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० मङ्सिर ११ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 November 27 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८७

## दानवीर चौधरीले गरे करोड मूल्यको जग्गा दान

प्रस, परवानीपुर, १० मङ्सिर/

वर्तमान समयमा दुई/चार सय रुपैयाँ कसैलाई सापटी दिन अधिकांश हिचकिचाउने गर्छन् तर पर्साका एकजनाले एक करोड ४० लाख मूल्य पर्ने तीन कट्ठा १२ धुर जग्गा सामाजिक कार्यको लागि दान गरेका छन्।



दानवीर मनोज चौधरी र उनले दान गरेको जग्गामा गापा कार्यालय बन्दै। तस्वीरः राधेश्याम पटेल

पटेर्वासुगौली गाउँपालिका-४ दक्षिण सुगौली टोल बस्ने ५२ वर्षीय मनोजकुमार चौधरीले गापाको प्रशासनिक भवन निर्माणको लागि बुबा र आमाको नामबाट उक्त जग्गा दान गरेका हुन्। बुबा रामराजराउत थारू र आमा चन्द्रमणि देवीको नाम अमर बनाउन झन्डै डेढ करोड मूल्यको जग्गा उनले दान गरेपछि अहिले गाउँभरि उनको चर्चा छ।



चौधरी परिवार। तस्वीरः सौजन्य

उनका बुबा तत्कालीन सुगौली गाउँपञ्चायतका प्रधानपञ्च थिए। तर दुई दशकअघि उनको निधन भएपछि बुबाआमाको नाम लोप हुन थालेको थियो। उनले बुबाआमाको नाम सधैंभरि सबैको सम्झनामा राखिराख्न आफूले अंश पाएको जग्गामध्येबाट तीन कट्ठा १२ धुर जग्गा गापालाई नामसारी गरी दान गरेका हुन्। दान गरिएको जग्गाको हालको मल्य प्रतिधुर रु दुई लाख छ।

२०४३ सालमा एसएलसी पास गरेका चौधरी पेशाले किसान हुन्। उनको दुई कट्ठा पाँच धुरको घडेरीमा पक्की घर छ भने १४ बिघा खेतमा विभिन्न बालीहरू लगाउँदै आएका छन्। अञ्जली र सिमरन चौधरी गरी दुईजना छोरी र एकजना छोरा देवव्रत चौधरी गरी उनका तीन सन्तान छन्। दुवै छोरीको बिहे गरिसकेका छन् चौधरीलाई छोरा देवव्रतले खेतीकिसानीमा सघाइरहेका छन्।

पत्नी सुनीता चौधरी पटेर्वासुगौली दापुस्थित नेरामावि सुगौली दापुकी प्राविका स्थायी शिक्षक हुन्। गत भदौ ४ गते गापा कार्यालयको भवन शिलान्यास कार्यक्रममा जग्गा हस्तान्तरण (दान) समारोहमा जग्गा दान गरिसकेपछि उनलाई भित्री मनबाट आफू र घरपरिवारलाई निकै राम्रो महसूस भएको उनले बताए। "जुन दिन मैले जग्गा दान गरें, त्यो दिन मलाई राति आनन्दको निद्रा लाग्यो, मन एकदमै हलुङ्गो भएको थियो। बुबाको ओझेलमा परेको नाम मैले पुनः चर्चामा ल्याएँ," उनलेको जिकिर थियो।

उनले सामाजिक र सरकारी कामको लागि अरूहरूलाई पनि सहयोग गर्न आग्रह गरेका छन्।

## जीतपुर बजारमा मोटरसाइकल चोरीका घटना बढ्दो

नरेश यादव, पर्सागढी, १० मङ्सिर/

जीतपुरसिमरा उपमहानगरपालिकामा मोटरसाइकल चोरीका घटना बढेको छ। दैनिक मोटरसाइकल चोरीका घटनाहरू भइरहे पनि यसबारेमा प्रहरीले अनभिज्ञता जाहेर गरेको छ।




तस्वीरः प्रतीक

इलाका प्रहरी कार्यालय, जीतपुरले मोटरसाइकल चोरीका घटना सम्बन्धमा अनभिज्ञता जाहेर गरेको छ। सो कार्यालयका प्रमुख वरिष्ठ प्रहरी नायब निरीक्षक प्रकाश खड्काले आफू कार्यालयमा तीन दिनअघि मात्र आएको र यसबारेमा जानकारी लिने बताए। उनले मोटरसाइकल चोरीका घटनाबारेमा बुझ्ने र आवश्यक कारबाई गर्ने बताए।

वडा नं ७ का अध्यक्ष सुनीलकुमार गुप्ताले शनिवार एकै दिन दुईवटा मोटरसाइकल चोरी भएको र छठको दिन तीनवटा मोटरसाइकल चोरीका घटना भएको जानकारी गराए। उनले जीतपुर बजारबाट मोटरसाइकल चोरीका घटना हुने गरेको र यसबारेमा प्रहरी तदारूकता कमजोर देखिएको आरोप लगाए।

बारा जिल्लाको जीतपुर बजारमा पर्सा जिल्लाका पूर्वी र उत्तरी भेगका मानिसहरू सामान खरीद गर्न आउने गरेका छन्। यसैगरी, बारा जिल्लाको बकुलियालगायतका क्षेत्रबाट जीतपुरमा मालसामान खरीदका लागि मानिसहरू आउने गर्छन्। वीरगंजपछि जीतपुर बजार चर्चित छ। भीडभाड हुने कारणले यहाँबाट मोटरसाइकल चोरीका घटना बढेको वडाध्यक्ष गुप्ताको भनाइ छ।

## मन्दिरको जग्गा वडा कार्यालयले कब्जा गरेको आरोप

प्रस, वीरगंज, १० मङ्सिर/

गढीमाई मन्दिर सञ्चालन तथा विकास समिति, बरियारपुर, बाराका कोषाध्यक्ष महेश जैसवालले आइतवार वीरगंजमा पत्रकार सम्मेलन गरी वडा कार्यालयले मन्दिरको नम्बरी जग्गा अतिक्रमण गरेको आरोप लगाएका छन्।



पत्रकार सम्मेलनमा जैसवाल र निर्माणाधीन भवन। तस्वीरः प्रतीक

उनले बलिको लागि विश्वविख्यात गढीमाई मन्दिरको पञ्चवर्षीय मेलापछि समितिले जग्गा खरीद गर्दै आएको र यसरी खरीद गरिएको जग्गामध्ये महागढीमाई नगरपालिका-१ का वडाध्यक्ष मनोज गुप्ताले वडा कार्यालय निर्माणका लागि साढे चार कट्ठा जग्गा अतिक्रमण गरेको बताए।

नेपाल पत्रकार महासङ्घ, पर्साको सभाहलमा पत्रकार सम्मेलन गरेर उनले वडाध्यक्षले मन्दिरको जग्गा संरक्षण गर्नुपर्नेमा उल्टो वडा कार्यालय भवन निर्माण गरेर अतिक्रमण गरेको भन्दै आपत्ति जनाए। मन्दिर क्षेत्रको मुख्य भाग एवं गढीमाई पञ्चवर्षीय मेलाको केन्द्रबिन्दुमा पर्ने क्षेत्रमा वडाध्यक्ष गुप्ताले मन्दिरको नाममा रहेको कित्ता नं ३६७ को चार कट्ठा १० धुर जग्गा अतिक्रमण गरेर वडा कार्यालय निर्माण गरिरहेको बताए। उनले वडा कार्यालयको निर्माण अन्यत्र सार्वजनिक जग्गामा गर्न सकिने भएपनि वडाध्यक्षले मन्दिरले खरीद गरेको जग्गा कब्जा गरेकोमा आपत्ति जनाए।

उनले हिन्दू धर्मावलम्बीहरूको चन्दाबाट समितिले खरीद गरेको मन्दिरको जग्गा अतिक्रमण गरी निर्माण कार्य गर्नु वडाध्यक्षको गैरजिम्मेवारीपन भएको टिप्पणी गरे। गढीमाई क्षेत्र धार्मिक पर्यटनको रूपमा विकास भइरहेकोमा वडा कार्यालय भवन निर्माणले बाधा पुर्‍याउने उनको जिकिर थियो। उनले सरोकारवाला सबै सङ्घसंस्था, धार्मिक सङ्गठन, बुद्धिजीवी, पत्रकार र हिन्दू धर्मावलम्बीहरूलाई वडाध्यक्षको गलत कार्यको विरोध गर्न आग्रह गरेका छन्।

वडाध्यक्ष मनोज गुप्ताले कोषाध्यक्ष जैसवालकै सहमतिमा भवन निर्माण गरिरहेको दाबी गरे। उनले भवन निर्माणको लागि नगरपालिकाले टेन्डर

(बाँकी पाँचौं पातामा)

## ठोरीमा वृद्धको हत्या

चिरञ्जीवी सापकोटा, ठोरी, १० मङ्सिर/

पर्साको सुदूरपश्चिम पालिका ठोरी गाउँपालिकामा एकजना वृद्धको हत्या भएको छ। ठोरी गापा-२ गौतमनगरका ८२ वर्षीय लक्ष्मण लामाको हत्या भएको हो।

उनका नाति ३६ वर्षीय कृष्णबहादुर खड्काले कोदो चुट्ने लाठीले प्रहार गरी वृद्धको हत्या गरेको इलाका प्रहरी कार्यालय, ठोरीका प्रहरी निरीक्षक सन्तोष राईले जानकारी दिए। उनका अनुसार घरनजीकै छिमेकीको घरमा छोरीका छोरा (नाति) खड्काले कोदो चुटिरहेको अवस्थामा हजुरबुबाले 'तिमी छाडिदेऊ म चुट्छु' भन्दा आवेगमा खड्काले लाठी प्रहार गरेका थिए।

टाउकोमा गम्भीर चोट लागेर अचेत भएका वृद्धलाई उपचारको लागि ठोरी गापा-२ स्थित स्वास्थ्य चौकीमा लैजाँदै गर्दा बाटोमा उनको मृत्यु भएको थियो। घटनापश्चात् गाउँलेहरूले लुकेको अवस्थामा खड्कालाई पक्राउ गरी प्रहरीलाई बुझाएका थिए।

वृद्धको शव शल्यपरीक्षणको लागि वीरगंज पठाइएको प्रनि राईले बताए।

## टिपरको ठक्करबाट अटोमा सवार यात्रुको हात चुँडियो

प्रस, निजगढ, १० मङ्सिर/

टिपरले अटोलाई ठक्कर दिंदा अटोमा सवार एकजना यात्रुको हात चुँडिएर भुइँमा खसेको छ। घाइते हुनेमा निजगढ नगरपालिका-१२ बारथलीका २८ वर्षीय धनबहादुर लुङ्वा रहेको इलाका प्रहरी कार्यालय, निजगढले जनाएको छ।




टिपरको ठक्करबाट यात्रीको चुँडिएको हात।

शनिवार राति सोही नगरपालिका-३ स्थित सिंगौल मेला हेर्न घरबाट ना.२ह १८३५ नम्बरको अटोमा चढेर निजगढतर्फ आउँदै गर्दा विपरीत दिशाबाट आएको ईँटा लोड बा. प्र. ०३-००१ ख १३५६ नम्बरको टिपरले राति करीब ८ बजे ठक्कर दिंदा सो दुर्घटना भएको प्रहरीले जनाएको छ। टिपर द्रुतगतिमा लाइट हेड गर्दै आएपछि आफूले सडक किनारमा अटो रोकेर राखेको अवस्थामा उक्त टिपरले अटोको बीच भागमा ठक्कर दिंदा भाइ धनबहादुरको हात चुँडिन पुगेको अटोचालक सोमलाल लुङ्वाले जानकारी दिए। टिपरले अटोलाई पेलेर अटोको बीच भागको छेउमा धसारेर अघि बढेपछि भाइले आफ्नो हात छैन भनेपछि अटो फर्काएर उक्त टिपरलाई पिछा गर्दै

(बाँकी पाँचौं पातामा)

## महानगरको सुशासन समितिद्वारा वडा कार्यालयहरूको अनुगमन

प्रस, वीरगंज, १० मङ्सिर/

वीरगंज महानगरपालिकाको सुशासन तथा संस्थागत विकास समितिले आइतवार महानगरका पाँचवटा वडाको सेवाप्रवाहबारे अनुगमन गरेको वीरगंज महानगरपालिका कार्यालयले जनाएको छ।



तस्वीरः सौजन्य

वडाबाट प्रवाह गरिने सेवालाई अझ प्रभावकारी बनाउन र समस्या पहिचान गर्न समितिले केही दिन अगाडिदेखि विभिन्न वडाहरूको अनुगमन शुरू गरेको हो।

यसैक्रममा आज वडा नं ८, ९, ११, १३ र १४ मा अनुगमन गरेको र कर्मचारीको उपस्थिति, सेवाप्रवाहको अवस्था, राजस्व सङ्कलनलगायतका विषयमा जानकारी लिएको समितिका संयोजक वडाध्यक्ष प्रदीप चौरसियाले बताए।

उनले आज अनुगमनको क्रममा कतिपय वडामा कर्मचारी अभावले सेवा आशाप्रदरूपमा प्रवाह हुन नसकेको, राजस्व सङ्कलनमा समेत समस्या देखिएको बताए। उनले समिति गठन भएपछि हालसम्म १४ वटा वडाको अनुगमन गरिसकेको जानकारी गराएका छन्। महानगरमा ३२ वटा वडा छन् र यसअघि नौवटा र आज पाँचवटा गरी १४ वटा वडाको अनुगमन गरिएको बताए।

नगरप्रमुख राजेशमान सिंहलाई जनप्रतिनिधि हुँदा पनि वडाहरूबाट सेवाप्रवाहमा ढिलासुस्ती भएर समस्या देखिएको गुनासो आएपछि समिति गठन गरेर वडाहरूको अनुगमन गरिएको र त्यहाँको समस्या पहिचान गरी निराकरण गर्ने योजनाअनुरूप कार्य अगाडि बढाएको महानगरपालिका कार्यालयले जनाएको छ।

समितिका संयोजक चौरसियासहित महानगरको प्रशासन महाशाखा प्रमुख राजकृष्ण ताम्राकार, नगरप्रमुखका सचिवालय सल्लाहकार हरि पोखरेल, जनसम्पर्क सल्लाहकार नवराज फुयाँल, वडाध्यक्ष अजयकुमार बरैलगायतले आज पाँचवटा वडाको अनुगमन गरेका थिए।

## विचारसार र सूक्तिहरू

**परिवर्तन नै जीवनको सार हो। जहाँ परिवर्तन छैन, त्यहाँ जीवन हुँदैन।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# लैङ्गिक हिंसाविरुद्ध अभियान

**हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर मनाइने लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान शनिवारदेखि शुरू भएको छ। यसलाई 'महिलामाथि हुने हिंसाविरुद्ध अन्तर्राष्ट्रिय दिवस'को रूपमा मनाइन्छ। १६ दिने अभियान अन्तर्गत हाम्रो मुलुकमा पनि विभिन्न कार्यक्रमहरू तय भएका छन्। नोभेम्बर २५ लाई महिलामाथि हुने हिंसाविरुद्ध अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाउनुका पछाडि यसको छुट्टै इतिहास छ। यो दिवसको सन्दर्भ डोमेनिकन गणतन्त्रका एकै परिवारका तीन दिदीबहिनीको हत्यासँग जोडिएको छ। मिरावेल परिवारमा जन्मिएका पेट्रिया, मिनर्भा र मारिया नाम गरेका यी तीन दिदीबहिनी राजनीतिक कार्यकर्ता थिए र तत्कालीन त्रुजिलो तानाशाही सरकारले सन् १९६० मा उनीहरूको निर्मम हत्या गरेको थियो। जसलाई लिङ्गका आधारमा हुने राजनीतिक हिंसाको प्रतिरूप मानिन्छ। उनीहरूको सम्झनामा हरेक वर्ष विभिन्न कार्यक्रमको आयोजना गर्न थालियो। डोमेनिकन गणराज्यका थुप्रै गीत, कविता र पुस्तक यी दिदीबहिनीको सम्झना र योगदानमा लेखिएका छन्। सन् १९९२ मा रुत्गर्स विश्वविद्यालयका महिलाहरूले भूमण्डलीय नेतृत्व केन्द्र अभियान सञ्चालन गर्न थालेपछि यसले अन्तर्राष्ट्रिय रूप लियो। सन् १९९५ मा डोमेनिकन गणराज्य तथा अन्य ७४ सदस्य राष्ट्रले नोभम्बर २५ लाई महिलाविरुद्ध हुने हिंसा उन्मूलन दिवसका रूपमा मनाउन संयुक्त राष्ट्रसङ्घमा पेश गरेको प्रस्ताव संयुक्त राष्ट्रसङ्घको महासभाबाट सोही वर्षको डिसेम्बर १७ का दिन सर्वसम्मतले पारित भएपछि संयुक्त राष्ट्रसङ्घमा आबद्ध मुलुकहरू विश्वव्यापीरूपमा यो अभियानमा सहभागी हुँदै आएका छन्।**

**यस वर्ष 'महिला तथा बालबालिकाविरुद्धको हिंसा रोक्न लगानीमा एकजुट' अन्तर्राष्ट्रिय नाराका साथ दिवस मनाईंदै छ। यस अभियान मनाउने सन्दर्भमा नेपालले पनि 'लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितता: महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' राष्ट्रिय नाराका साथ देशव्यापीरूपमा अभियान सञ्चालन गरेको छ।**

**लैङ्गिक हिंसा मानव अधिकारको हनन हो। मानव अधिकार हननका घटनाविरुद्ध राष्ट्रियरूपमा मात्रै नभएर अन्तर्राष्ट्रियरूपमा नै कानून आकर्षित हुन्छ। यस्ता अपराधविरुद्ध जनचेतना अभिवृद्धि गर्न हाम्रो मुलुक नेपाल पनि प्रयासरत छ। हरेक वर्ष नोभेम्बर २५ देखिको १६ दिने अभियानमा विशेषगरी सचेतनाकै लागि हो। कानूनीरूपमा भन्ने हो भने नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ। तर हाम्रो समाजमा महिलालाई हेर्ने विभेदपूर्ण दृष्टिकोण, सामाजिक मूल्य–मान्यता र यसबाट सिर्जित परम्पराका कारण महिलाको नेतृत्व स्वीकार हुने वातावरण अझै बन्न सकेको छैन। महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसाजस्ता जघन्य अपराधलाई राज्यले कानूनद्वारा दण्डनीय बनाएको छ, तथापि कानूनको कार्यान्वयन व्यवहारमा उतार्नु जरुरी छ। लैङ्गिक समानतालाई विकास र समृद्धिका सवालका रूपमा स्थापित नगरी दिगो विकास, समानता, शान्ति र समृद्धि असम्भव छ। यसर्थ समस्याको पहिचान गरी समाधानका लागि राज्यलाई कानूनी कार्यान्वयनको आधार तय गर्न सहकार्य गर्ने, लैङ्गिक हिंसाविरुद्ध पुरुषको सहकार्यलाई अभिवृद्धि गर्ने, महिलामाथि हुने हिंसाविरुद्ध व्यापक जनचेतना जगाउने र समानता तथा सामाजिक न्यायका क्षेत्रमा काम गर्नेहरूलाई प्रोतसाहन दिने कार्यमा हरेक नागरिक अग्रसर हुनु जरुरी छ।**

# तपाईं सफल वा असफल हुन चाहनुहुन्छ


शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**के हामी असफलतालाई तिरस्कार नगरी त्यसलाई प्रेमभावले स्वीकार गर्न सक्दैनौं ? हामी गर्न सक्छौं र सबैभन्दा ठूलो कुरा के हो भने यसो गरेर मात्र हामी सफलतालाई हासिल गर्ने दाबी गर्न सक्छौं। यसको लागि हामीले आफ्नो सोचलाई फराकिलो र असफलताको दर्शनशास्त्रलाई तर्क र व्यावहारिकताको आधारमा बुझ्नुपर्छ।**

तपाईं "सफल हुन चाहनुहुन्छ वा असफल।" यो एउटा यस्तो प्रश्न हो, जो कसैले पनि कसैसँग नसोधेको होला किनभने यसमा सोध्न लायक कुनै कुरो छैन। प्रश्न जति सजिलो छ, त्यत्तिकै सजिलो यसको जवाफ पनि। तपाईं सोचिराख्नुभएको होला यो कस्तो उटपटयाङ प्रश्न लेखकले सोध्दैछ। यो पनि कुनै सोध्ने प्रश्न हो ? हामी मात्र होइन, कोही पनि असफल हुन चाहँदैन। जवाफ सोझो छ, "म सफल हुन चाहन्छु।" सबै सफल हुन चाहन्छन्। कोही असफल हुन चाहँदैन तर यो बेग्लै कुरो हो कि चाहनाले मात्र कोही सफल नहुन पनि सक्छ। सफल त एकजना मात्र हुन्छ। यो एउटा सामान्य धारणा हो, जुन मेरो दृष्टिमा पूर्ण छैन। मेरो धारणा के छ भने धेरैजसो मानिस असफल हुन चाहन्छन्। सफलता त केही मानिसहरू मात्र चाहन्छन् र जसले चाहन्छ, उसलाई प्राप्त पनि हुन्छ। यस्तै, जो असफल हुन चाहन्छ, उसलाई पनि असफलता प्राप्त हुन्छ। मलाई थाहा छ, तत्कालका लागि तपाईं मेरो कुरा पत्याउनुहुन्न।

अब अर्को एउटा प्रश्न, तपाईं जे चाहनुहुन्छ त्यो यदि तपाईंले पाउनुभयो भने त्यो सफलता हो वा असफलता ? यसको जवाफ झन् प्रस्ट छ। तपाईंको चाहना राम्रो थियो वा नराम्रो, सही थियो वा गलत भन्ने प्रश्न होइन। प्रश्न यतिमात्र हो कि तपाईंको इच्छा पूर्ति भयो। यति हुनासाथ तपाईं सफल हुनुभयो। तपाईं परीक्षामा उत्तीर्ण हुन चाहनुहुन्थ्यो, हुनुभयो। तपाईं ऊसँग बिहे गर्न चाहनुहुन्थ्यो, भयो। तपाईंले राम्रो जागीर पाउनुभयो, तपाईंलाई व्यापारमा चाहेको जति फाइदा भयो, तपाईंले सपनाको घर बनाउनुभयो। तपाईं बेग्लाबेग्लै समयमा जे जे चाहनुहुन्थ्यो, सबै थोक पाउँदै जानुभयो। यी सबै लिस्टलाई हेर्दा के सार्वजनिक घोषणा गर्न सकिन्छ भने, "फलानो व्यक्ति एउटा सफल व्यक्ति हो ?" यसबाट के प्रमाणित हुन्छ भने इच्छाको पूर्ति हुनु सफलता हो भने इच्छाको पूर्ति नहुनु असफलता।

अब एउटा तेस्रो उटपटयाङ जस्तो देखिने प्रश्न– यो इच्छा, जसलाई तपाईंले "मेरो इच्छा" भन्नुहुन्छ, के साँच्चीकै त्यो तपाईंकै इच्छा हो ? कहीं यस्तो त होइन कि यो इच्छा अर्कैको थियो, जसको तल तपाईंले आफ्नो नाम भूलले लेख्नुभयो वा कसैले जबरजस्ती हात समातेर लेख्न लगायो ? यस प्रश्नको जवाफ खोज्नु यस कारणले जरुरी छ किनभने हामीले इच्छापूर्तिलाई "सफलता" भनेका छौं। यस कारण कसको इच्छापूर्ति, स्वयंको वा अरूको वा सबैको ? कृपया, यस्तो उटपटयाङ प्रश्नको जवाफ खोज्नबाट नभाग्नुहोस्। अलि धैर्य राख्नुहोस्। तपाईं जीवनको एउटा ठूलो पहेलीलाई बुझ्ने कोशिश गरिरहनुभएको छ। यस कारण मेरो प्रश्नप्रति सहानुभूति राख्दै यसको सही जवाफ खोज्न केही समय खर्चिनु तपाईंको लागि लाभकारी हुनेछ। तपाईंको जवाफ जे भए तापनि यदि त्यो तपाईंको इच्छा हो भने अवश्य पूरा हुन्छ। यदि त्यो तपाईंको र अरूको इच्छाको सम्मिश्रण हो भने त्यति भाग अवश्य पूरा हुन्छ, जुन तपाईंको आफ्नो हो। यदि त्यो इच्छा, जसलाई तपाईंले आफ्नो भन्नुभएको छ, अरूको हो भने पूरा हुन धेरै गाह्रो छ। हामी कुनै न कुनै रूपमा समाजको इच्छाको शिकार भएको सत्यलाई अङ्गीकार गर्दैनौं। हामीले त्यसलाई नै आफ्नो इच्छा बनाएका हुन्छौं, जुन समाजले हामीसँग खोजेको हुन्छ। समाजले हामीसँग त्यही खोजेको हुन्छ, जुन उसको आवश्यकता हुन्छ। जस्तै डाक्टर, इन्जिनीयर, धनी व्यक्ति, खेलाडी, शिक्षक, मजदूर आदि।

अहिलेसम्म तपाईंलाई मेरो कुरा कुनै खास नलाग्न सक्छ तर यो आलेख पढ्दै जाँदा मैले भन्न खोजे कुरा तपाईंले सजिलै बुझ्नुहुनेछ। प्राप्त भएको जवाफबाट नै तपाईंको जिज्ञासाको समाधान हुनेछ। कुनै लेख तपाईंको लागि मानसिक कसरत वा रोचक हुन सकोस् भन्ने कुराको ध्यान राख्नु एउटा लेखकको धर्म पनि हो। अब त्यही लेखकीय धर्मको पालना गर्दै यहाँ एउटा कथा प्रस्तुत गर्छु, जुन मेरो होइन। यो रूसको एक महान् लेखकको कथा हो, जसको पछाडि रूस मात्र होइन सम्पूर्ण विश्व नै पागल भएको थियो। यस्ता पागलहरूमध्ये म पनि एक हुँ र त्यस कथाकारको नाम हो– "एन्टोन चेखब"। यस विश्वप्रसिद्ध कथाको शीर्षक हो "शर्त", जसको सारसङ्क्षेप मात्र यहाँ प्रस्तुत गरिरहेको छु।

यो कथा एउटा व्यापारी र एउटा युवा वकीलको हो। व्यापारीको घरमा आयोजित एउटा भोजमा केही मानिसहरूबीच के कुरामा बहस चलिरहेको थियो भने कसैलाई फाँसीको सजाय दिनुपर्छ वा जन्मकैद ? व्यापारी फाँसीको सजायको पक्षमा थियो। उसको भनाइ थियो, "फाँसीको सजाय दिएपछि मानिस तुरुन्त मर्छ तर जन्मकैदको सजाय पाउने व्यक्ति बिस्तारै–बिस्तारै मर्छ। एकैपटक मरेपछि दुःख कम हुन्छ र बिस्तारै–बिस्तारै मर्नुमा बढी दुःख।" सबैले आआफ्नो तर्क प्रस्तुत गरिरहेका थिए। नजीकै उभिएको २५ वर्ष उमेरको एक वकीलले भन्यो, "यदि मलाई यसमध्ये कुनै एउटा सजाय छान्नुपर्‍यो भने म जन्मकैदलाई रोज्छु। मर्नुभन्दा राम्रो त मानिस कष्ट सहेर पनि जीवित रहनु हो।"

यो सुनेर रिसाउँदै व्यापारीले भन्यो, "यो गलत हो। म शर्त लगाउँछु, तिमी पाँच वर्ष पनि जेलमा बस्न सक्दैनौ।" युवा वकील पनि कमजोर थिएन। उसले भन्यो, "पाँच वर्ष त के ? म १५ वर्षसम्म पनि जेलमा बस्न सक्छु।" हुनु के थियो, दुवैमा शर्त लाग्यो। शर्त अनुसार यदि वकीलले १५ वर्ष जेलमा व्यतीत गर्‍यो भने व्यापारीले उसलाई २० लाख रुबल (रूसको मुद्रा) दिने घोषणा गर्‍यो। व्यापारी धेरै धनी थियो। २० लाख रुबल दिए पनि उसलाई कुनै फरक पर्ने थिएन तर वकीलको १५ वर्षको स्वतन्त्रता गुम्न लागेको थियो। व्यापारीले उसलाई शर्त फिर्ता लिन अनुरोध गर्‍यो तर उसले स्वीकार गरेन।

वकीललाई व्यापारीको घरबाहिरको कोठामा थुनेर राखियो। उसलाई न त बाहिर जाने छुट थियो, न त कसैसँग कुरा गर्ने तर उसलाई वाद्ययन्त्र बजाउने र आफूले चाहेको किताब मगाएर पढ्ने छुट दिइयो। यसैगरी, १५ वर्षको अन्तिम दिन पनि आइपुग्यो। त्यस दिन व्यापारी धेरै चिन्तित भयो। ऊ सोचिरहेको थियो, "अर्को राति १२ बजे १५ वर्ष पूरा हुन्छ र उसलाई २० लाख रुबल दिंदा म त दिवालिया हुन्छु। यसबाट बच्ने एउटै उपाय छ, ४० वर्षको त्यो युवा मरिहालोस्।" तर यस्तो आफैं हुने सम्भावना धेरै कम थियो। चीसो रातिको गहिरो सन्नाटालाई हेरेर व्यापारी वकीलको हत्या गर्ने मनसायले कोठाभित्र पस्छ। बूढोजस्तो देखिने वकील त्यस बेला सुतिरहेको थियो। छेउमा राखिएको एउटा कागजमा केही लेखिएको हेरेर व्यापारीले पढ्न थाल्यो। त्यसमा लेखिएको थियो, "भोलि राति १२ बजे म यस कैदबाट मुक्त हुन्छु तर यस कोठालाई छाड्नु पहिला म केही भन्न चाहन्छु। ... १५ वर्षमा मैले धेरै किताब पढें र यस दुनियाँलाई बुझें। ... यी पुस्तकहरूले मलाई धेरै ज्ञान दियो। ... मलाई दुनियाँका हरेक कुरा झूटो र बनावटी हो भन्ने थाहा भयो। धनबाट सुख र शान्ति हासिल हुँदैन। जोसँग जति धन हुन्छ, त्यो त्यत्तिकै ऊ बेचैन हुन्छ। शर्त जितेपछि जुन धन प्राप्त हुन्छ, त्यसलाई म लिन चाँहदिनँ। यस कारण म भोलि राति १२ बजेभन्दा पहिले नै कोठाबाट भाग्छु।" यो सबै पढेपछि व्यापारीको आँखाबाट आँसु बग्न थाल्यो। ऊ वकीलको निधार चुमेर दुःखी मनले बाहिर निस्कियो। अर्को दिन ठीक १२ बजे व्यापारी त्यहाँ पुग्दा वकील कोठामा थिएन।

दिल र दिमागलाई हल्लाउने यस कथाबाट सफलता र असफलताबारे केही महत्त्वपूर्ण प्रश्नहरूको जवाफ खोज्ने कोशिश गर्नुपर्छ। पहिलो, दुवैमध्ये को सफल भयो, वकील वा व्यापारी ? जवाफ छ, व्यापारी किनभने वकीललाई २० लाख रुबल दिनुपरेन। यहींनिर दोस्रो प्रश्न के तेर्सिन्छ भने यदि यसो हो भने व्यापारी किन दुःखी थियो ? यसको जवाफ दिन सकिन्न मात्र महसूस गर्न सकिन्छ। महसूस गर्ने जवाफ हो, व्यापारी जितेर पनि हार्‍यो किनभने उसको यो दुःख उसको असफलताको परिणाम हो। यहाँ तेस्रो प्रश्न के उठ्छ भने के सफल भएर पनि कोही असफल हुन्छ ? परिस्थिति अनुसारको जवाफ छ, हो। चौथो प्रश्न, के तपाईंको दृष्टिमा वकील सफल भयो वा असफल जसले स्वयम् हारलाई स्वीकार गर्‍यो ? शर्त अनुसार व्यापारीले २० लाख रुबल दिनु नपरेकोले ऊ सफल भएको मानिन्छ र वकील असफल तर उसको यस असफलताले नै व्यापारीलाई परास्त गरेको हुनाले वकील सफल भएको ठानिन्छ। यस १५ वर्षमा वकीलले जुन ज्ञान प्राप्त गर्‍यो, त्यसले सफलता र असफलताबीचको अन्तर नै समाप्त गरिदिएको हुनाले वकील हारेर पनि जित्यो।

यसबाट के प्रमाणित हुन्छ भने सफलता र असफलता दुवै स्थायी हुँदैन। यस कुराको ज्ञान हुनासाथ उसको लागि सफलता र असफलताबीचको अन्तर नै समाप्त भएर जान्छ। यस्तो बुझाइ भएको मानिस त्यसभन्दा माथि उठेर मात्र आफ्नो काम गर्छ। त्यसैमा आनन्दित भइरहन्छ र असफलताको स्वागत पनि त्यही भावले गर्छ। न त सफलता स्थायी हुन्छ, न त असफलता। वर्तमानको सफलता भविष्यको असफलता र वर्तमानको असफलता भविष्यको सफलता बन्न सक्छ। यदि यसो हो भने सफलतासँग मात्र यति प्रेम किन ? एकछिनको लागि मानौं सफलताबाट सन्तोष मिल्छ, खुशी प्राप्त हुन्छ, जुन केही क्षणका लागि किन नहोस्। यस कारण त्यससँग प्रेम हुन्छ। यो गलत पनि होइन तर मेरो चिन्ता यहाँ असफलतालाई त्यस अर्थमा नस्वीकार्नु हो। के हामी असफलतालाई तिरस्कार नगरी त्यसलाई प्रेमभावले स्वीकार गर्न सक्दैनौं ? हामी गर्न सक्छौं र सबैभन्दा ठूलो कुरा के हो भने यसो गरेर मात्र हामी सफलतालाई हासिल गर्ने दाबी गर्न सक्छौं। यसको लागि हामीले आफ्नो सोचलाई फराकिलो र असफलताको दर्शनशास्त्रलाई तर्क र व्यावहारिकताको आधारमा बुझ्नुपर्छ।

# छठपछि सनेसको चटारो

महोत्तरी, १० मङ्सिर/रासस

छठ पर्व सकिएको एक साता हुनै लागेको छ। पर्व सकिए पनि मधेसमा अझै छठको 'सनेस' (कोसेली)को मौसम कायमै छ। छठ मनाइएका सबैजसो घरमा सनेसका रूपमा 'ठेकुवा' (छठको मुख्य प्रसाद मानिने गहुँको पीठो र सक्खर मुछेर बनाइने मिष्ठान्न परिकार) पाकिरहेका छन्।

छठ सकिएसँगै गृहिणीलाई सनेसका लागि ठेकुवा पकाउने र आफन्तकहाँ पठाउने चटारो शुरू हुन्छ। पर्वको सनेस विवाहित छोरीचेली, इष्टमित्र, मित/मितिनी र आफन्तलाई पठाउने पुरानो स्थापित परम्परा हो। अहिले ठेकुवा, भुसुवासहितका परिकार पकाउन र सम्बन्धितकहाँ पठाउन भ्याइनभ्याइ छ।

"धान थन्क्याएर सकिएको छैन, हिउँदे बाली लगाउने चटारो पनि छ, तर अहिले यी कामका बीच नै छठको 'सनेस' पकाउने र पठाउनुपर्दा भ्याइनभ्याइ छ," महोत्तरीको बर्दिबास–१२ बिजलपुराकी गीतादेवी महतो भन्छिन्, "छोरीको घरमा त पठाइयो, अब फुपू र मितकहाँ पठाउन बाँकी छ।"

मधेसमा छठ र तीलासक्रायत (माघे सङ्क्रान्ति) पर्वको 'सनेस' कुटुम्बजन, मित/मितिनी र अत्यन्त नजिकी इष्टमित्रकहाँ पठाउने आम परम्परा छ। छठ सकिएलगत्तै पठाइने सनेसमा ठेकुवा, भुसुवा, पिरुकिया र केरा हुने गर्छन्। यसरी पठाइने सनेस छठ नमनाइने परिवारमा पर्व सकिएलगत्तै र अन्यकहाँ एक/दुई सातासम्म लगाएर पठाउने चलन छ। पकाउने काम गृहिणीको भएपनि सनेस पुर्‍याउन भने बुबा, काका, दाजुभाइ जाने गर्छन्। यसरी पठाइने सनेसमा छठमा सूर्यदेवलाई अर्घ्य दिंदा देखाइएको प्रसाद सामग्री मिसाइएको हुन्छ।

"यो परम्परा कोसेली मात्रको नभएर मुख्य चाडबाडपछि आपसी भेटघाटको अवसर पनि हो," बर्दिबास–१३ स्थित जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक भरत यादव भन्छन्, "यसमा आशिष पुर्‍याउने र सम्बन्धको प्रगाढता पनि जोडिएको हुन्छ।" यो चलन सांस्कृतिक, सामाजिक र पारिवारिक सौन्दर्य पनि रहेको यादवको भनाइ छ।

मधेरमा छठ र तिलासक्रायत पर्व सकिएलगत्तै 'सनेस'को नाममा भेटघाटको निरन्तरता केही दिन चल्ने गर्छ। पर्वको 'सनेस' पुग्न ढिलो हुँदा त खासगरी छोरीचेली र मित/मितिनीले बिर्सेकी भन्ने खुल्दुली नै लाग्ने गरेको पाकाहरू बताउँछन्। समयक्रमले अचेल कामको विविधता बढ्दै जाँदा पहिलेपहिले जस्तो घरपरिवेशको झैं गृहस्थ जीवन फेरिएको छ। कामका लागि टाढाटाढा जानुपर्दा पर्व सकिएलगत्तै युवापुस्ता घरमा नहुँदा सकीनसकी यो परम्परा बूढापाकाले धान्नुपरेको औरही नगरपालिका–७ का ७० वर्षीय मोहन महतो बताउँछन्।

पर्व सकिएलगत्तै युवापुस्ता आआफ्ना जिम्मेवारीमा फर्किएपछि 'सनेस' पुर्‍याउने जिम्मेवारी आफ्नो नछुटेको भङ्गाहा–४ थारूटोल बनराका ७२ वर्षीय रामधारी सिंह थारूको भनाइ छ।

"पर्व सकिएलगत्तै तीनजना छोरा काममा गए," भङ्गाहा–४ थारूटोल बनराका ७२ वर्षीय रामधारी सिंह थारूले भने, "सनेस लिएर मै जानुपर्ने हुन्छ।" यो परम्परा कामको चापले बिस्तारै हराउँदै जाने हो कि भन्नेमा उनी चिन्तित छन्। "घरगृहस्थीमा युवापुस्ता छैन, सबैजसो काममा बाहिर (अन्यत्र) जान्छन्,

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# विश्वविद्यालयलाई समुदायस्तरमा विस्तार गर्नु आवश्यक छ -प्रधानमन्त्री

काठमाडौं, १० मङ्सिर/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल




प्रचण्डले २१औं शताब्दीको आवश्यकता परिपूर्ति गर्न वैकल्पिक साधनस्रोतको खोजीका लागि विश्वविद्यालयलाई समुदायस्तरमा विस्तार गर्नु आवश्यक रहेको बताएका छन् ।

पूर्वाञ्चल विश्वविद्यालय सभाको ३७औं सभा बैठकलाई आइतवार बालुवाटारमा सम्बोधन गर्दै उनले समुदायस्तरमा पहुँच विस्तारका लागि विश्वविद्यालयले अघि सारेका नीति तथा कार्यक्रमको कार्यान्वयनमा देखा परेका बाधा–अड्चन, नीतिगत तथा कानूनी समस्याको समाधान र ऐनको समयाकूल परिमार्जन र संशोधनका लागि सरकारबाट यथोचित सहयोग रहने विश्वास दिलाए ।

विश्वविद्यालयले स्थापनाको झन्डै तीन दशकमा उल्लेख्य उपलब्धि हासिल गर्न सफल भएकामा प्रधानमन्त्रीले बधाई दिए। "विश्वविद्यालय स्थापनाका लागि योगदान पुऱ्याउने र यसको प्राज्ञिक उन्नयन र विकासमा सहयोग प्रदान गर्ने सबैलाई धन्यवाद व्यक्त गर्दछु। आगामी दिनमा उच्च शिक्षाको गुणस्तर कायम गर्दै विश्वविद्यालयको संस्थागत सुधारका लागि समर्पित हुन सबैलाई प्रेरणा र उत्साह प्राप्त हुने विश्वाससमेत व्यक्त गर्दछु," प्रधानमन्त्रीले भने ।

विश्वविद्यालयका उपकुलपतिले प्रस्तुत गरेका चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम एवं रजिस्ट्रारबाट प्रस्तुत बजेटले विश्वविद्यालयको समग्र शैक्षिक–भौतिक प्रगतिका साथै विकास र विस्तारमा समेत सघाउ पुग्ने प्रधानमन्त्रीको भनाइ छ ।

विश्वविद्यालयले राष्ट्रिय आवश्यकतालाई ध्यानमा राखेर अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने उच्चस्तरीय जनशक्तिको उत्पादनमा विशेष ध्यान दिनुपर्ने कुलपतिसमेत रहेका प्रधानमन्त्री प्रचण्डको भनाइ छ ।

विश्वविद्यालयले विज्ञान तथा प्रविधि, इन्जिनीयरिङ, व्यवस्थापन, चिकित्साशास्त्र, शिक्षाशास्त्र र कानूनका क्षेत्रमा राष्ट्रको आवश्यकता एवं अन्तर्राष्ट्रियस्तरको दक्ष जनशक्तिको उत्पादनका लागि ध्यान केन्द्रित गरेको जानकारी पाउँदा खुशी लागेको उनले उल्लेख गरे ।

देशमा क्रियाशील सबै विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानले बदलिंदो परिवेशअनुरूप अध्ययन, अध्यापन र अनुसन्धानको दायरालाई व्यापक बनाइ पृथ्वी र मानवजातिमाथि आइपर्न सक्ने तमाम चुनौती र समस्या समाधानका लागि सोच्नुपर्नेमा प्रधानमन्त्रीले जोड दिए।

"विश्वविद्यालयले आफ्ना पाठ्यक्रममा दिगो विकास, वातावरण संरक्षण, गहन अनुसन्धान र नवप्रवर्तनलाई उच्च प्राथमिकतामा राखेर व्यावहारिक, जीवनोपयोगी र गुणस्तरीय शिक्षामा जोड दिनु आवश्यक छ," प्रधानमन्त्रीले भने, "प्रविधिको तीव्र विकास र विस्तारले दक्ष जनशक्तिको उत्पादनले मात्र विश्वबजारमा प्रतिस्पर्धा गर्न सम्भव हुन्छ ।"

सैद्धान्तिक ज्ञान दिने मात्र नभई विद्यार्थीलाई नवप्रवर्तन, जीवनोपयोगी र व्यावहारिक ज्ञान र सीप सिकाएर आत्मनिर्भर, व्यावसायिक र उद्यमशील बनाउने, नयाँनयाँ कुराको खोज, अनुसन्धान र आविष्कार गर्न सक्ने, मुलुकको विकास र समृद्धिका लागि नेतृत्वदायी भूमिका खेल्न सक्ने सिर्जनशील जनशक्ति उत्पादनमा विश्वविद्यालय केन्द्रित हुनुपर्ने प्रधानमन्त्रीको कथन छ।

"उच्च शिक्षामा विकासको गतिलाई व्यापक बनाउँदै प्राकृतिक सम्पदा तथा परम्परागत ज्ञान सीपको संरक्षण र उपयोग, पर्यटन प्रवर्द्धन र कृषि क्षेत्रमा यान्त्रीकरणको प्रयोगमार्फत देशको अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्याउन सक्ने जनशक्ति उत्पादनमा विश्वविद्यालय केन्द्रित हुनुपर्छ," प्रधानमन्त्रीले भने ।

उनले अलैंची, चिया, रुद्राक्ष, जडीबुटी, जुट, फलफूललगायत नेपालका मौलिक उत्पादनका बारेमा समेत सूक्ष्म शोध, अनुसन्धान गरेर त्यस्ता उत्पादनको वृद्धि र प्रशोधनका साथै अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने कार्यमा यस विश्वविद्यालयले गुणात्मक योगदान दिने आफूले विश्वास लिएको प्रधानमन्त्रीको भनाइ छ।

सो अवसरमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोक राई, विश्वविद्यालयका पदाधिकारीको सहभागिता थियो।

# भौतिकवादी समाजको आवश्यकताबारे अन्तर्क्रिया

प्रस, वीरगंज, १० मङ्सिर/

भौतिकवादी समाज, नेपालको




उपत्यकास्तरीय भेला सम्पन्न भएको छ। समाजका केन्द्रीय अध्यक्ष बैधनाथ श्रमजीवीको अध्यक्षता र केन्द्रीय सदस्य बलराम दाहाल सञ्चालक रहेको उक्त भेलाले भौतिकवादी समाज, नेपालको उपत्यका तदर्थ समितिसमेत चयन गरेको छ।

भेलाको पहिलो खुला सत्रमा भौतिकवादी समाजको आवश्यकता विषयक गोष्ठी आयोजना गरिएको थियो। कार्यपत्रमाथि टिप्पणी र अन्तर्क्रियासहितको विचारगोष्ठी भएको थियो।

समाजका केन्द्रीय सदस्य रविप्रसाद गुरागाईंको संयोजकत्व तथा केन्द्रीय सदस्य बलराम तिमिल्सिनाको सहजीकरणमा सञ्चालित गोष्ठीमा समाजका केन्द्रीय सचिव सुवास पाण्डेले कार्यपत्र प्रस्तुत गरेका थिए। कार्यपत्रमाथि गौरी देवकोटा दाहाल र धनकुमारी सुनाले टिप्पणी गरेका थिए। जिज्ञासाको उत्तर सचिव पाण्डेले दिएका थिए।

कार्यक्रमको औचित्यबारे प्रस्ट पार्दै समाजका केन्द्रीय अध्यक्ष श्रमजीवीले समाजको आवश्यकता र केन्द्रीय समिति गठनबारे आफ्ना विचार राखेका थिए। उनले यही २०८० असोज २६ र २७ गते चितवनमा सम्पन्न भएको प्रथम राष्ट्रिय भेलाबाट केन्द्रीय तदर्थ समिति गठन भएको जानकारी गराए।



गोष्ठीमा वक्ताहरूले देश र विश्वभरि नै अन्धविश्वास र धर्मका नाममा झगडा, द्वन्द्व, विभेद, हत्या, हिंसा, अशान्ति, अराजकता र हिंस्रक युद्ध भड्किरहेको वर्तमान समयमा भौतिकवादी समाजको आवश्यकता समयको माग रहेको बताए। जात, धर्म, सम्प्रदाय, रङ, लिङ्ग आदिका आधारमा समाजमा विद्यमान विभेद, अन्याय, अत्याचार रोक्नका लागि पनि भौतिकवादी दर्शनमा आधारित समाजको स्थापनाले महत्त्वपूर्ण भूमिका खेल्ने बताए। धार्मिक आस्था र अनास्थाका आधारमा विश्वमैं क्रिश्चियन र इस्लामपछि तेस्रो शक्तिको रूपमा रहेर पनि सङ्गठित हुन नसक्दा कमजोर देखिएको भौतिकवादी शक्ति अब एकीकृत र सङ्गठित हुँदै जानुपर्नेमा सबै एकमत रहेका बताए।

कम्युनिस्ट र समाजवादी नाममा खोलिएका राजनीतिक दल र तिनका नेताहरूबाट आम जनताले सोचेजस्तो र चाहेजस्तो विचार र व्यवहारको आस मर्दै गएको वर्तमान परिप्रेक्ष्यमा भौतिकवादी समाजको काँधमा धेरै गहन र महत्त्वपूर्ण जिम्मेवारी रहनेबारे सचेतसमेत गराइएको थियो। आरआर क्याम्पसको पत्रकारिता हलमा सम्पन्न उक्त गोष्ठीपश्चात् समाजकी केन्द्रीय सदस्य भागीरथी प्रकृतिको संयोजकत्वमा भेला सम्पन्न भएको थियो।

समाजका केद्रीय सदस्य शमशेरद्वारा सञ्चालित उक्त भेलाले रामदेव पाण्डेको अध्यक्षतामा छ सदस्य पछि पदपूर्ति गर्नेगरी १३ सदस्यीय उपत्यका सम्मेलन आयोजक समिति सर्वसम्मतिले गठन गरेको छ। अन्य सदस्यमा रामएकबाल यादव, लिजा तामाङ, ब्रिजेन थापा, तारा गाउँले, फूलमती र अर्जुन मझकोटी रहेका छन्।

# नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि

काठमाडौं, १० मङ्सिर/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतवार भने उच्च अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार आज नेप्से परिसूचक ४७ दशमलव ७५ अङ्कले उकालो लागेर एक हजार ९०७ दशमलव ९५ मा पुगेको छ। यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक सात दशमलव ८३ अङ्कले उकालो लागेर ३६४ दशमलव ८१ मा पुगेको छ।

नेप्सेका अनुसार कुल ६५ लाख ३० हजार ६४३ कित्ता शेयर रु दुई अर्ब एक करोड १७ लाख ६३ हजार ३५८ मूल्यमा कारोबार भएको छ।

नेप्सेका अनुसार कारोबारका आधारमा सोनापुर मिनरल्स शीर्ष स्थानमा छ। सो कम्पनीको रु ११ करोड ६६ लाख ६७ हजार २६० बराबरको कारोबार भएको छ। रिलायबल नेपाल लाइफ इन्स्योरेन्स रु सात करोड ५६ लाख ९४ हजार ५२१, नबिल बैंक रु सात करोड ३७ लाख १२ हजार २८०, सिटिजन लाइफ इन्स्योरेन्स रु छ करोड ३४ लाख ८६ हजार ३०६ र आइएमई लाइफ इन्स्योरेन्स रु पाँच करोड ९८ लाख ८३ हजार ५२४ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

छ्याङ्दी हाइड्रोपावर, भगवती हाइड्रोपावर, विजय लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। स्वरोजगार लघुवित्त नौ दशमलव ८९ र रावा इनर्जी डेभलपमेन्ट लिमिटेडका लगानीकर्ताले नौ दशमलव ८८ प्रतिशतले कमाएका छन्। यस्तै, इन्फिनिटी लघुवित्त दुई दशमलव ४७, एनएमबी सुलभ इन्भेस्टमेन्ट फन्ड दोस्रो, आशा लघुवित्त दुई दशमलव ४४, आत्मनिर्भर लघुवित्त दुई दशमलव ३९ र नबिल डिभेन्चरका लगानीकर्ताले एक दशमलव ९९ प्रतिशतले गुमाएका छन्।

# बजेट अभावमा अलपत्र पऱ्यो छ लेन सडक

चितवन, १० मङ्सिर/रासस

नारायणगढको पुल्चोकदेखि गोन्द्राङसम्मको छ लेन सडक बजेट अभावमा अलपत्र परेको छ। भरतपुर महानगरको मुख्य बजार क्षेत्र हुँदै जाने पूर्व–पश्चिम राजमार्गलाई छ लेन बनाउन लागिएको हो। भरतपुर महानगरको मुख्य बजार क्षेत्र नारायणगढमा नै सडक भत्काएर अलपत्र अवस्थामा रोकिएको छ।

डिभिजन सडक कार्यालय, भरतपुरका प्रमुख ई रमेश पौडेलका अनुसार हालसम्म ७१ प्रतिशत भौतिक प्रगति भएको छ। सडकका धेरै काम कालोपत्र (अस्फाल्ट)को छ। पूरै सडक कालोपत्र अन्तिम रूप दिन बाँकी छ। सडक सम्पन्न गर्न थप रु ४५ करोड हाराहारी खर्च हुने भन्दै सडक विभागमा बजेट माग गरिएको उनले जानकारी दिए।

उनको भनाइमा फूटपाथ, बिबिएम, सर्भिस लेनजस्ता कामका लागि रु १५ करोड हाराहारी खर्च हुनेछ भने बाँकी कालोपत्रको काम हुनेछ। यस आर्थिक वर्षमा रु पाँच करोड बजेट निकासा भएकामा दशैंअघि त्यस बराबरको बिल भुक्तानी भइसकेको छ। बजेट अभावमा काम रोकिएको उनले जानकारी दिए।

निरन्तररूपमा बजेट निकासाका लागि पत्र पठाएसँगै विभागमा आग्रह गरिएको उनले बताए। यस सडक निर्माणका लागि पहल गर्दै आएको भरतपुर महानगरपालिकाले पनि बजेट निकासा गरेर तयारीमा जुटेको भ्रमण वर्ष २०२४ सफल पार्न सहयोग पुऱ्याउन सम्बद्ध पक्षसँग आग्रह गरेको छ। महानगर प्रमुख रेणु दाहालले सडक विभागका महानिर्देशक, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र अर्थ मन्त्रालयका सचिवलाई पटक–पटक आग्रह गरिएको बताइन्।

उनका अनुसार सडक विभागबाट थप बजेट माग भई मन्त्रालय पठाउने तयारी भइरहेको छ। दाहालले भनिन्, "मलाई विश्वास छ, बजेट निकासा भएर काम छिटै सम्पन्न हुन्छ।"

सडक निर्माण सम्पन्न गर्नुपर्ने समय थप गरिएको मिति यसै महीना सकिंदै छ। निर्माण कम्पनी सगुन कन्स्ट्रक्सनका प्रमुख सहदेव खड्काले सरकारले बजेट दिए तीन महीनाभित्र सबै काम सक्ने दाबी गरे।

उनले सरकारले बजेट पर्याप्त नदिएकै कारणले द्रुतगतिमा काम गर्न नसकिएकाले ठेक्काको म्याद थपका लागि प्रक्रियासमेत अगाडि बढाएको बताए। कालोपत्रको काम धेरै भएकाले बजेट निकासा भएमा काम गर्न धेरै समय नलाग्ने उनको भनाइ छ। रु एक अर्ब २३ करोडको कुल लागतमा विस्तार गर्न लागिएको सडकको हालसम्म निर्माण कम्पनीले झन्डै रु ८० करोड रकम भुक्तानी लिइसकेको छ।

समयमा नै सडक विस्तारको काम नसकिंदा बजार क्षेत्रका व्यवसायी मर्कामा परेका छन्। उद्योग वाणिज्य सङ्घ चितवनले सडक विस्तारले व्यवसाय प्रभावित भएको भन्दै डिभिजन सडक कार्यालय, भरतपुर महानगरपालिका, जिल्ला प्रशासन कार्यालयमा दबाब दिंदै आएका छन्। सडकको काम रोकिंदा यात्री र स्थानीयले पनि सास्ती भोगेका छन्। सो सडक हुँदै यात्रा गर्नेले धूलोको समस्या बेहोर्नुपरेको छ।



**नेपालकै अग्लो चक्रशिला:** चितवनको माडी खैरहनीस्थित चक्रतीर्थधाममा स्थापना गरिएको नेपालकै ठूलो चक्रशिला। पर्वतको कुश्माबाट ल्याइएको उक्त चक्रशिला हरिबोधनी एकादशीका दिन प्राणप्रतिष्ठासहित विष्णुहरिहर मन्दिर परिसरमा राखिएको छ। तस्वीरः रासस

# राष्ट्रिय एकता अभियानद्वारा प्रदर्शन

प्रस, वीरगंज, १० मङ्सिर/

मुम्बई हमलाको १५औं वार्षिकोत्सवमा राष्ट्रिय एकता अभियानले काठमाडौंस्थित पाकिस्तानी दूतावास अगाडि प्रदर्शन गरेको छ।

अभियानका अध्यक्ष विनय यादवले आतङ्कवाद नेपालको राष्ट्रिय सुरक्षाको चुनौती रहेको भन्दै सतर्क रहनुपर्ने बताए। उनले पाकिस्तानसँग आतङ्कवाद रोक्न र मानव अधिकारको पालना गर्न र हिन्दूहरूको सहयोगी बन्न पनि आह्वान गरे। राष्ट्रिय एकता अभियानका समर्थकहरूले आतङ्कवादलाई समर्थन गर्नु अपराध हो, जुन विश्वका लागि खतरा भएको बताए। अभियानद्वारा हिन्दू समुदायलाई एकताबद्ध राख्न र राष्ट्रिय एकताको प्रवर्द्धन गर्नसमेत आह्वान गरिएको छ।



# कोप–२८ : यस्ता छन् नेपालका प्राथमिकता

काठमाडौं, १० मङ्सिर/रासस

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिको २८औं सम्मेलन (कोप–२८)मा नेपालले जलवायु वित्तदेखि हिमालका मुद्दासम्मका विषयलाई प्राथमिकताका साथ उठाउने तयारी गरेको छ ।

सम्मेलनमा नेपालले जलवायु अनुकूलनमा थप प्रतिबद्धता र कार्यान्वयन, जलवायु परिवर्तन न्यूनीकरण, जलवायु वित्त, हानि तथा नोक्सानी, पेरिस सम्झौताको विश्वव्यापी प्रगति समीक्षा, पर्वतीय राष्ट्रहरूका समस्याको पहिचान र सम्बोधनका विषयलाई महत्त्वका साथ उठाउने बताइएको छ ।

यसैगरी, सम्मेलनमा लैङ्गिक, स्थानीय समुदाय, आदिवासी, युवाको चासो र सरोकार, प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धिलगायत विषयलाई समेत प्राथमिकताका साथ उठाउने वन तथा वातावरणमन्त्री डा वीरेन्द्रप्रसाद महतोले बताए । मन्त्रालयले सम्मेलनमा प्रस्तुत गर्नका लागि उक्त विषयलाई समेटेर 'राष्ट्रिय स्थितिपत्र' तयार गरेको छ ।

कोप–२८ सम्मेलन यही मङ्सिर १४ देखि २६ गते (नोभेम्बर ३० देखि डिसेम्बर १२ तारिख)सम्म संयुक्त अरब इमिरेट्सको दुबईमा हुँदैछ । यस सम्मेलनलाई नेपालले निकै महत्त्वका साथ सोही अनुसारको तयारी पनि गरेको छ। सम्मेलनमा नेपालले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री शक्तिबहादुर बस्नेत र वन तथा वातावरणमन्त्री महतोलगायत विज्ञसहितको उच्चस्तरीय सहभागिता जनाउनेछ ।

प्रधानमन्त्री प्रचण्ड सम्मेलनमा सहभागिताका लागि यही मङ्सिर १३ गते दुबई प्रस्थान गर्ने र मङ्सिर १७ गते स्वदेश फर्कने उनका विकास व्यवस्थापन विज्ञ तथा जलवायु सल्लाहकार डा पुपलर जेन्टलले जानकारी दिए । प्रधानमन्त्री प्रचण्डले सम्मेलनका क्रममा मङ्सिर १६ गते आयोजना हुने 'उच्चस्तरीय सत्र'लाई सम्बोधन गर्नेछन् । यही मङ्सिर १५ र १६ गते (डिसेम्बर १ र २ तारिख) हुने 'उच्चस्तरीय सत्र'मा विश्वभरबाट सम्मेलनमा सहभागी राज्य/सरकार प्रमुखहरूले सम्बोधन गर्ने कार्यतालिका छ ।

यसैगरी, भ्रमणाका क्रममा प्रधानमन्त्री प्रचण्डले विभिन्न साइडलाइन वार्ता र उच्चस्तरीय भेटवार्तासमेत गर्ने विकास व्यवस्थापन विज्ञ तथा जलवायु सल्लाहकार डा जेन्टलले बताए ।

यसपटकको सम्मेलनमा नेपालले कार्यक्रम गर्नका लागि सम्मेलन परिसरमा पहिलोपटक आफ्नै 'पेभिलियन' (बृहत् मण्डला) स्थापना गरेको छ। मन्त्रालयको तालिका अनुसार 'पेभिलियन'मा डिसेम्बर ३ देखि ११ तारिखसम्म विभिन्न विषयका ३६ कार्यक्रम हुनेछन्। प्रधानमन्त्री प्रचण्डले पेभिलियनको उद्घाटनमा समेत सम्बोधन गर्नेछन् । पेभिलियनमा हुने कार्यक्रमले नेपालका मुद्दामा विभिन्न कार्यक्रम गर्न सकिने र आफ्ना मुद्दा प्रदर्शन गर्न ठूलो सहयोग पुग्ने यस क्षेत्रका जानकारको भनाइ छ ।

यो सम्मेलनमा उच्चस्तरीय सहभागिताका साथै अन्य दृष्टिकोणले पनि नेपालका लागि थप महत्त्वपूर्ण हुनेछ। सम्मेलनको पूर्वसन्ध्यामा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले गत कात्तिक १२ गतेदेखि नेपालको चार दिने औपचारिक भ्रमण गरेका थिए। उनले सगरमाथा र अन्नपूर्ण आधारक्षेत्रको स्थलगत भ्रमण गरी जलवायु परिवर्तनको विषयलाई दिएको प्राथमिकताले पनि यस सम्मेलनमा नेपाललाई आफ्ना विषय उजागर गर्न सहज हुने बताइएको छ ।

**जलवायु परिवर्तनबाट नेपालमा के–के असर परेको छ ?**

विश्वव्यापी जलवायु परिवर्तनका कारण नेपाल उच्च जोखिममा छ । जलवायु परिवर्तनको असर विशेषगरी हिमाली क्षेत्रमा हिमताल पग्लने र विस्फोट हुने, पहाडी क्षेत्रमा पहिरो र सुक्खा खडेरी र तराई–मधेसमा बाढी पहिरोहरू देखिन थालेका छन्। हिमाल, पहाड र तराई–मधेसमा बसोबास गर्ने गरीब, साना किसान, सीमान्तकृत आदिवासी, महिला, बालबालिका, अशक्त तथा ज्येष्ठ नागरिक बढी प्रभावित बनेका छन् ।

जलवायु परिवर्तनले अर्थतन्त्रमा विशेष योगदान गर्ने विषयगत क्षेत्र जस्तै कृषि, जलस्रोत, पर्यटनलगायतका क्षेत्रमा, साथै खाद्यसुरक्षा, स्वास्थ्य, जलआपूर्ति, जीविकोपार्जन र सुरक्षामा व्यापक असर पारेको छ । आर्थिक एवं सामाजिक क्षेत्रमा हुने गिरावट र बढ्दो स्वास्थ्य र खाद्यसुरक्षाको समस्याका कारण भविष्यमा जलवायु सङ्कटासन्नता र जोखिम अझ बढ्ने अनुमान गरिएको छ।

एक वैज्ञानिक अध्ययन अनुसार हिमाली क्षेत्रको तापक्रम वर्तमान तथा भविष्यमा विश्वको औसत तापक्रमको दाँजोमा शून्य दशमलव तीन डिग्री सेल्सियसदेखि शून्य दशमलव सात डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ । पेरिस सम्झौता अनुसार विश्व समुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम एक दशमलव पाँच डिग्री सेल्सियसभन्दा बढ्न नदिन सहमति गरे तापनि सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर एक दशमलव आठ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ। उच्च तापक्रम वृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुई तिहाइ हिमभण्डार पग्लने अनुमान अध्ययनले गरेका छन् ।

**जलवायु सम्बन्धमा नेपालले गरेका प्रतिबद्धता र कार्य**

नेपाल जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसिसिसी)को पक्षराष्ट्र हो । महासन्धिको प्रावधानअनुरूप नेपालले जलवायु उत्थानशीलता अभिवृद्धि गर्न उपयुक्त नीतिगत, कानूनी तथा संस्थागत संरचना एवं वित्तीय व्यवस्था र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरेको वन मन्त्रालयका सचिव डा दीपककुमार खरालले जानकारी दिए ।

नेपालले राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७, स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय खाका, २०७६, जलवायु उत्थानशील योजना तथा बजेट तर्जुमा निर्देशिका, २०७७ र जलवायु परिवर्तनसम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना, २०७७–२०८७ तर्जुमा गरी लागू गरेको वन सचिव डा खरालले बताए।

साथै पेरिस सम्झौताबमोजिम दोस्रो राष्ट्रियरूपमा निर्धारित योगदान (एनडिसी) र राष्ट्रिय अनुकूलन योजना (एनएपी) पेश गरेको छ । यसैगरी, नेपालले २०७८ मा तेस्रो राष्ट्रिय सञ्चार प्रतिवेदन, राष्ट्रिय जलवायु सङ्कटासन्नता तथा जोखिम मूल्याङ्कन प्रतिवेदन, दीर्घकालीन न्यून उत्सर्जन विकास रणनीति र २०८० मा राष्ट्रियरूपमा निर्धारित योगदानको कार्यान्वयन योजना स्वीकृत गरी लागू गरिरहेको छ ।

यसैगरी, तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले कोप–२६ मा सन् २०३० सम्ममा ४५ प्रतिशत वन क्षेत्र कायम गर्ने, जलवायु जोखिमबाट देश र जनतालाई सुरक्षित राख्ने र सन् २०४५ मा कार्बन उत्सर्जनलाई शून्यमा झार्नेजस्ता महत्त्वाकाङ्क्षी योजना प्रस्तुत गरेका थिए। कोप–२६ र कोप–२७ यता नेपालले अन्तर्राष्ट्रिय समुदायसामु हरित विकासतर्फ आफ्ना महत्त्वाकाङ्क्षी लक्ष्य हासिल गर्न जलवायु वित्तमा सहज एवं पर्याप्त पहुँच तथा सबै राष्ट्रको साथ र सहयोगको अपेक्षा गरेको छ ।

साथै संयुक्त राष्ट्रसङ्घको ७८औं महासभामा नेपाल र अतिकम विकसित मुलुकहरूका तर्फबाट सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री प्रचण्डले नेपालले राष्ट्रियरूपमा निर्धारित योगदानमा उल्लिखित योजनाको कार्यान्वयनको अवस्थाबारे जानकारी गराएका थिए ।

**कोप–२८ सम्मेलनमा छलफल हुने विषय**

यस सम्मेलनले कार्बन उत्सर्जन घटाउने दायित्वबारे छलफल, जलवायु अनुकूलन र राष्ट्रिय अनुकूलन योजनाबारे छलफल, पेरिस सम्झौताको कार्यान्वयन अवस्थाबारे समीक्षा, जलवायुजन्य हानि र नोक्सानी साथै कोष कार्यान्वयन, जलवायु वित्तसम्बन्धी छलफल, प्रविधि विकास, विस्तार र कार्यान्वयनलगायत विषयमा छलफल अगाडि बढाउने योजना प्रस्तुत गरेको वन मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा बुद्धिसागर पौडेलले जानकारी दिए ।

यसैगरी, महासन्धि अन्तर्गत रहेको क्षमता विकास, अल्पविकसित राष्ट्रहरूसँग सम्बन्धित विषय, जलवायु परिवर्तन र लैङ्गिक सम्बन्धमा, पेरिस सम्झौताको दफा ६ र कार्बन व्यापार, कार्यान्वयनका प्रावधानको प्रभाव, प्रशासनिक, वित्तीय र संस्थागत विषय, जलवायु परिवर्तन र पर्वतीय सवाललगायत विषयमा छलफल अगाडि बढाइने युएनएफसिसिसीको सचिवालयले जनाएको छ ।



पर्सागढी नगरपालिका–१ स्थित कोइलाभार मन्दिरमा हरेक वर्ष कात्तिक पूर्णिमाको अवसरमा लाग्ने मेलामा सहभागीहरू । तस्वीर: राधेश्याम पटेल

## फरक समाचार

# पेटमा महसूस हुन्छ हृदयघातको गम्भीर लक्षण

छाती, बङ्गारा र घाँटी दुख्ने, सास फुल्ने र चक्कर लानु हृदयघातका केही ज्ञात र स्पष्ट लक्षण हुन् । तर यस हृदयरोगको केवल यो मात्र लक्षण होइन। जब धमनी खुम्चिन्छ वा अवरुद्ध भएपछि हृदयमा अक्सिजनयुक्त रक्त आपूर्तिमा



बाधा हुन्छ, तब व्यक्तिलाई जठरान्त्रसम्बन्धी समस्याको अनुभव पनि हुन सक्छ, जसमाथि कसैको ध्यान जाँदैन ।

हृदयघातको स्थितिमा पेटको समस्या हुन्छ तर यसप्रति हामीले ध्यान दिंदैनौं। तर हृदयघातको बढीजसो मामिलामा यो सामान्य कुरा हो। यसैले यदि तपाईंलाई हृदयघातको अन्य स्पष्ट लक्षणका साथै पेटको समस्या अनुभव गर्नुहुन्छ भने तुरुन्तै चिकित्सा सहायता लिनुपर्छ ।

हृदयघातको क्रममा जब रुकावटको कारण अङ्गले अक्सिजनयुक्त रगत शरीरको अन्य भागमा पम्प गर्न कठिनाइ हुन्छ, तब रक्त परिसञ्चरण सुस्त हुन्छ। पूरै शरीरमा रगतको आपूर्ति कम भएपछि पेटमा रासायनिक परिवर्तन हुन्छ, जसबाट यो क्षारीयबाट अम्लीय हुन्छ। जब पेटको पिएच कम हुन्छ, तब पाचनतन्त्रसहित शरीरको अङ्गले कुशलतापूर्वक काम गर्न सक्दैन । यसले थुप्रै ग्यास्ट्रोइन्टेस्टाइनल समस्याको कारण पनि बन्छ ।

छाती, बङ्गारा र घाँटीको दुखाइको साथ हृदयघात हुने स्थितिमा व्यक्तिको पेटमा पनि दुखाइ हुन सक्छ । पेट दुखाइ शुरूमा तीव्र हुन्छ । समयको साथ दुखाइमा पनि तीव्रता हुन्छ । खराब हृदय स्वास्थ्यको सङ्केत दिने पेट दुखाइ साधारणतया पेटको माथिल्लो बायाँतर्फ महसूस हुन्छ। केही व्यक्तिले यसलाई एसोफैगल स्फिंक्टरमा पनि अनुभव गर्छन् ।

जब आन्द्राको धमनी बन्द वा अवरुद्ध हुन्छ, तब पखाला र बान्ता हुन्छ । बढीजसो खाना खाएपछि रुकावटबाट पेटमा तीव्र दुखाइ हुन सक्छ। यसले पेटको खाल्डोनजीकै सुस्त ऐंठन उत्पन्न गर्न सक्छ र पिठ्यूँसम्म फैलिन्छ । गम्भीर रुकावटको मामिलामा आन्द्राको एउटा भाग बिग्रिन पनि सक्छ। मुटुको समस्याको कारण समयको साथै पेटमा दुखाइले एनोरेक्सिया पनि हुन सक्छ र समयको साथै वजन कम हुन्छ ।

मुटुको समस्याको कारण पाचनतन्त्र राम्ररी काम गर्न सक्दैन, तब पेट अम्लीय हुन्छ र काम गर्न गाऱ्हो हुन्छ। यसले भोजन पचाउन सक्दैन र त्यसको पोषक तत्त्वलाई अवशोषित पनि गर्न सक्दैन र बढी हाइड्रोक्लोरिक एसिड (एचसिआई, पाचनको दौरान प्रयोग हुने एसिड) को उत्पादन शुरू गर्छ। पेटमा अत्यधिक एचसिआईको उपस्थितिले अङ्गको परतलाई नष्ट गर्न थाल्छ, जसबाट व्यक्तिलाई बेचैनी हुन्छ । यदि समस्याको समयमा समाधान गरिएन भने यो अल्सरको कारण पनि बन्न सक्छ ।

अपच र डकार पनि हृदयघात सम्बन्धित हृदयको समस्यालाई सङ्केत गर्न सक्छ । यस्तो यस कारण हुन्छ किनभने मुटु, घाँटी र पेट सबै एकअर्काको छेउमा हुन्छन् । हृदयघात हुनुभन्दाअघि पुरुषको तुलनामा महिलामा अपच र डकारको समस्या बढी हुन्छ। यसैले यी लक्षणलाई बेवास्ता गर्नुहुँदैन। किनभने यसले केही गम्भीरतालाई दर्शाउँछ ।

# अमेरिकन ड्रिम: सबैभन्दा लामो कार

संसारकै सबैभन्दा लामो कारलाई अमेरिकन ड्रिम भनिन्छ। सन् १९८६ मा यस कारलाई दुनियाँको सबैभन्दा लामो कारको रूपमा गिनिज बूक अफ वर्ल्ड रेकर्डमा दर्ता गरिएको थियो। यो कारको लम्बाइ सय फिटको छ र झट्ट हेर्दा यो टायर भएको रेलजस्तो देखिन्छ ।



यो कार लामो मात्र छैन, यसमा निकै सुविधा छ। कारको माथिल्लो भगमा एउटा निजी हेलिपैड छ, मिनी गल्फ कोर्स र स्वीमिङ पुल छ। यसको अलावा बाथटब, जकुजी, थुप्रै टेलिभिजन, फ्रिज, टेलिफोन पनि छन्। कारमा ७० जना बस्न सक्छन् ।

अमेरिकन ड्रिम कारमा कुल २६ वटा पाङ्ग्रा छन् र यसलाई दुवै साइडबाट चलाउन सकिन्छ। यो कारलाई कार उत्पादन गर्ने कारखानाले बनाएको होइन। यसको डिजाइनर जे ओहरबर्ग हुन् । उनी हलिउडका चर्चित सवारीसाधन डिजाइनर थिए र कारको शोखिन थिए ।

कारको दुवैतर्फ भिएट इन्जिन छ। ओहरबर्गलाई यो कार तयार गर्न र सडकमा ल्याउन १२ वर्ष लाग्यो । यसलाई चलचित्रमा प्रयोग गर्न बनाइएको थियो। कारलाई भाडामा पनि दिइन्छ। यसको भाडा ५० डलरदेखि दुई हजार डलर प्रतिघण्टा छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## सुरुङमा फसेका ४१ कामदारलाई मुक्त गर्ने प्रयास तेस्रो सातामा प्रवेश

सिल्कयारा सुरुङ (भारत), १० मङ्सिर/एएफपी

भारतीय सेनाले आइतवार विशेष उपकरणसहित सुरुङभित्र फसेका ४१ जना कामदारलाई बाहिर निकाल्ने प्रयास गरेको छ । कामदारलाई सुङङबाट बाहिर निकाल्ने प्रयास तेस्रो सातामा प्रवेश गरेको छ । बारम्बारको असफलतापछि उनीहरूलाई बाहिर निकाल्नका लागि तीन दिशाबाट खन्ने काम जारी राखिएको छ ।


तस्वीर: एजेन्सी

भारतीय हवाई सेनाले तत्परताका साथ काम गरिरहेको आइतवार बताएको छ । हिमाली राज्य उत्तराखण्डको निर्माणाधीन सिल्कयारा सुरुङ मार्ग आंशिकरूमा भत्किएपछि उद्धार कार्यका लागि सेनाले तत्परता देखाएको हो ।

इन्जिनीयरहरूले ५७ मिटर चट्टान र कङ्क्रिटबाट धातुको पाइप तेर्सोरूपमा लैजाँदा सुरुङमा पुरिएका धातुका बिम र निर्माण सवारीहरूसँग ठोक्किंदा उद्धारकर्मीहरूले उक्त दुर्गम पहाडी स्थानमा सुपरहिटेड प्लाज्मा कटर ल्याउन आग्रह गरेका छन् ।

कामदारसम्म पुग्नुभन्दा नौ मिटरअघि नै एउटा ठूलो बोरिङ मेशीन भाँच्चिएको थियो । हातले खन्ने काम जारी राख्नुअघि बोरिङ ड्रिल र तेस्रो मार्ग अवरुद्ध पार्ने धातु हटाउनका लागि प्लाज्मा कटिङ मेशीनको प्रयोग गरिनेछ।

भग्नावशेषमा मोटामोटा धातुका बिमले मार्ग बनाउने कामलाई अवरुद्ध पुऱ्याइरहेको छ र सीमित पाइपभित्रबाट ती बिमलाई हटाउन परम्परागत अक्सिएसिटिलिन कटरको प्रयोग गर्न कठिन भएको छ । पाइपभित्र एक व्यक्तिका लागि मात्र घस्रिन पर्याप्त चौडाइ छ ।

हवाई सेनाले धेरै विवरण उल्लेख नगरी 'महत्त्वपूर्ण' उक्त उपकरण मुलुकको रक्षा अनुसन्धान तथा विकास सङ्गठनबाट आएको बताएको छ । उक्त सङ्गठन सरकारको रक्षा प्रविधि अनुसन्धान शाखा हो ।

उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीले ८९ मिटर तल अर्को ठाडो ड्रिलिङको काम भइरहेको शनिवार बताएका थिए । सुरुङ मार्गभन्दा धेरै टाढाबाट पनि काम शुरू भएको छ । यो तेस्रो मार्ग करीब ४८० मिटर लामो रहेको अनुमान गरिएको छ ।

मङ्गलवार सुरुङभित्र फसेका कामदारहरूलाई पहिलोपटक जीवित देखिएको थियो । उद्धारकर्मीहरूले एउटा पातलो पाइपको माध्यमबाट पठाइएको एन्डोस्कोपिक क्यामेराको लेन्सलाई उनीहरूले हेरिरहेको देखिएको थियो । सोही पाइपमार्फत उनीहरूलाई हावा, खाना, पानी र बिजुली पुऱ्याइएको थियो ।

भग्नावशेष खस्ने र ड्रिलिङ मेशीन बारम्बार बिग्रिंदा उद्धार प्रयास सुस्त र जटिल भएको छ । रासस

## म्यान्मा सशस्त्र समूहद्वारा चीन–म्यान्मा सीमामाथि कब्जा

बैंकक, १० मङ्सिर/एएफपी

म्यान्माको एउटा जातीय अल्पसङ्ख्यक सशस्त्र समूहले मुलुकको सत्तारूढ जुन्ताबाट चीनतर्फ जाने एउटा आकर्षक सीमामाथि नियन्त्रण हासिल गरेको स्थानीय मिडिया र सुरक्षा स्रोतले आइतवार बताएका छन् ।

अक्टोबरमा तीन जातीय अल्पसङ्ख्यक समूहको सशस्त्र गठबन्धनले सेनाविरुद्ध आक्रामक हमला गर्नुअघि चीनको सीमानजीक म्यान्माको उत्तरी शान राज्यमा झडपहरू भएका थिए । गठबन्धनले दर्जनौं सैन्य स्थानका साथै चीनसँग व्यापारका लागि महत्त्वपूर्ण एक शहरमाथि कब्जा गरेको छ । यसबाट नगदको अभावमा परेको जुन्ताका लागि व्यापारिक मार्ग बन्द भएको छ ।

समूहसँग सम्बद्ध एक स्थानीय मिडिया आउटलेटका अनुसार म्यान्मा नेशनल डेमोक्रेटिक अलायन्स आर्मी (एमएनडिएए)ले आक्रामक हमला गरी किन सान क्यावत सीमा प्रवेशद्वारमाथि कब्जा गरेको छ । एमएनडिएए सशस्त्र गठबन्धनमध्येको एक समूह हो ।

"एमएनडिएएले आज बिहान किन सान क्यावत भनिने म्युज जिल्लाको मोङ्को क्षेत्रमा एउटा अर्को सीमा प्रवेशद्वार कब्जा गरेको बताएको छ," कोकाङ समाचारले आइतवार भनेको छ, "अराकान आर्मी (एए) र ता'आङ नेशनल लिबरेशन आर्मी (टिएनएलए) सहितको गठबन्धनले शुक्रवार हमला शुरू गरेपछि सीमा व्यापार क्षेत्रमा अन्य सैन्य स्थानमा कब्जा गरेको थियो ।"

एक सुरक्षा स्रोतले एमएनडिएएले किन सान क्यावतमा सीमा व्यापार क्षेत्रमा आफ्नो झन्डा फहराएको एएफपीलाई बताएको छ । महामारीपछि सन् २०२२ मा पुनः प्रवेशद्वार खोलिएको थियो र यो म्यान्मा–चीन सीमामा एउटा प्रमुख व्यापारिक बिन्दु हो ।

साताको शुरूमा जुन्ताका प्रवक्ता ज मिन तुनले सरकारी मिडियालाई सीमापार नजीक रहेका करीब १२० वटा ट्रकमा सशस्त्र समूहहरूले आगो लगाएको आरोप लगाएका थिए ।

झडपहरूमा भएका वृद्धिले पहिलादेखि नै सङ्घर्षरत म्यान्माको अर्थतन्त्र र महत्त्वपूर्ण सीमापार व्यापारमा नोक्सान पुगेको छ भने सेनालाई अत्यन्त आवश्यक करहरू र विदेशी मुद्राबाट वञ्चित गराएको छ ।

किन सान क्यावत सीमामार्फत कारोबार हुने सामानहरूमा मेशिनरी, विद्युतीय उपकरण, कृषि टçयाक्टर र उपभोक्ता वस्तुहरू रहेका छन् । रासस

## सिएरा लियोनको राजधानीस्थित हतियार भण्डारणमा हमला

फ्रिटाउन, १० मङ्सिर/एएफपी

सिएरा लियोनको राजधानी फ्रिटाउनस्थित एक सैन्य हतियार भण्डारणमा आइतवार हमला भएको छ । हमलापछि सरकारले तत्काल राष्ट्रिय कर्फ्यू घोषणा गरेको छ ।

हतियार भण्डारणमा छिर्ने प्रयास गर्नेहरूलाई भगाएको सरकारले बताएको छ । प्रत्यक्षदर्शीहरूले उनीहरूले शहरको विल्बरफोर्स जिल्लामा बन्दुकको गोली र विस्फोटहरूको आवाज सुनेको एएफपीलाई बताएका छन् ।

सूचना मन्त्रालयले एक विज्ञप्तिमार्फत 'सरकार र हाम्रो राज्य सुरक्षा बल नियन्त्रणमा' रहेको भन्दै जनतालाई आश्वस्त पारेको छ । "संदिग्धहरूलाई पक्राउ गर्न सुरक्षा बलहरूलाई सक्षम बनाउन सम्पूर्ण देशमा राष्ट्रव्यापी कर्फ्यू घोषणा गरिएको छ ।"

विज्ञप्तिमा हमलाका कथित अपराधीहरू वा उनीहरूको उद्देश्यका बारेमा थप कुनै विवरण उल्लेख गरिएको छैन । पश्चिम अफ्रिकाको अङ्ग्रेजीभाषी मुलुक सिएरा लियोन यो वर्षको जूनमा राष्ट्रपति तथा आमनिर्वाचनपछि राजनीतिक सङ्कटबाट गुज्रिरहेको छ । रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | धनलाभ | वृष | भाग्योदय |
| मिथुन | बेचैनी | कर्कट | मनोरञ्जन |
| सिंह | सफलता | कन्या | राज्यलाभ |
| तुला | वादविवाद | वृश्चिक | यात्रालाभ |
| धनु | कडाश्रम | मकर | सुसमाचार |
| कुम्भ | उदरपीडा | मीन | विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


**अस्थायी आवास निर्माण** : जाजरकोको कुशे गाउँपालिका–७ धनराशिका भूकम्पपीडितहरूको लागि अस्थायी आवास निर्माण गर्दै । तस्बिर: हेमन्त केसी/रासस

## शिक्षक नायकहरूको गोष्ठी

प्रस, सेढवा, १० मङ्सिर/

नेपाल रेडक्रस सोसाइटी, पर्सा शाखाको आयोजना तथा सिद्धार्थ माविको आतिथ्यमा आइतवार शिक्षक नायक गोष्ठी सम्पन्न भएको छ ।



तस्वीर: प्रतीक

जिल्ला समन्वय समिति, पर्साको सभाहलमा भएको कार्यक्रममा विद्यालयस्तरबाट बालबालिकाहरू तथा युवाहरूलाई रेडक्रसमा प्रवेश गराइ मानवीय, सामाजिक तथा निस्स्वार्थ भावनामा सेवा गर्न अभिप्रेरित गराउने वक्ताहरूले बताए । यसका साथै विद्यालयमा हुने आन्तरिक क्रियाकलापमा विद्यार्थीहरूलाई सहभागी गराइ नेतृत्वदायी भूमिका निर्वाह गर्न क्षमता वृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए । जिल्लाका आधारभूत विद्यालयहरूमा नेपाल जुनियर तथा युवा रेडक्रस गठन गर्न गोष्ठीमा जिल्लाका करीब एक सय शिक्षक नायकको सहभागिता थियो ।

नेपाल जुनियर तथा युवा रेडक्रस पर्साका संयोजक विनोद गिरीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि जिसस, पर्साका सभापति निरञ्जन साह सोनार, नेरेसो, मधेस प्रदेशका सभापति फूलमहमद मियाँ, शिक्षा विकास तथा समन्वय एकाइ, पर्साका निमित्त प्रमुख उमेश मुखिया बिनलगायतले मन्तव्य व्यक्त गरेका थिए । गोष्ठीमा रेडक्रसकर्मी शैलेन्द्र चौरसिया, फूलमहमद मियाँ र विनोद गिरीले प्रशिक्षण दिएका थिए ।

## रङ्गभेदविरुद्ध प्रदर्शन

प्रस, परवानीपुर, १० मङ्सिर/

जनमत पार्टी पर्साले वीरगंजमा प्रदर्शन गरेको छ । रङ्गभेदविरुद्ध एकता दिवसको अवसर पारी घण्टाघरमा प्रदर्शन गरेको हो ।



तस्वीर: प्रतीक

'रङ्गभेद आक्रमण बन्द गर' नाराका साथ आयोजना गरिएको प्रदर्शनपछि घण्टाघरमा आयोजित कोणसभामा जनमत पार्टी पर्साका नेता डा अजय यादव, मुकेश द्विवेदी, ओमप्रकाश सर्राफलगायतले मन्तव्य व्यक्त गरेका थिए । देश गणतन्त्रमा गइसक्दा पनि नेपाली समाजमा एकअर्काप्रति जातीय र विभिन्न वर्गबीच विभेद रहेकाले सधैंको लागि अन्त्य गर्न वक्ताहरूले माग गरेका थिए ।

### छठपछि ...

अब भन्नोस् न, हामीपछि यो के थेगिएला ?" थारू भन्छन् ।

"पवनी (पर्व) सकिएकै दिन सानो छोराले सनेस छोरीकहाँ पुऱ्याएर आयो," ठेकुवा पकाउन र भुसुवा बटार्न व्यस्त रहेकी गौशाला–१० की शीलवती महतो भन्छिन्, "अब नन्द र साथीको घरमा जान बाँकी छ, त्यसैमा लागेकी छु ।" पर्वमा घरका परिवारजन, छिमेकी र आफन्तहरूलाई समेत खुवाइने यी परिकार यसपालि मङ्सिरभरि नै खाजा खाइने उनको भनाइ छ ।

खासगरी अब जाडो बढ्दै जाँदा सक्खर, घ्यू र गहुँको पीठोबाट बन्ने परिकार खाँदा शरीर तात्ने, चीसोका विकार ठीक हुने र काममा फूर्ति आउने जनविश्वास छ । यसै विश्वासको परम्पराले पनि बढ्दो जाडोबीच ठेकुवा, भुसुवा खाने, खुवाउने प्रचलन मधेसी संस्कृतिको अङ्ग नै बनेको भङ्गाहा नगरपालिकाका उपप्रमुख शान्तिसिंह थारूको भनाइ छ । अहिले यस क्षेत्रमा आफ्नो सावगास अनुसार सबैजसो घरमा ठेकुवा, भुसुवा बनाउन लागेका छन् । सनेस पठाउने स्थापित परम्परा र आफ्नै घरको खानपिनमा यो परिकार परेपछि मधेसमा छठ सकिएको केही दिनसम्म ठेकुवा, भुसुवाको मौसम हुने गरेको यहाँका बूढापाका बताउँछन् ।

### टिपरको ...

जाँदा नभेटेपछि रतनपुर अस्थायी प्रहरी चौकीलाई घटनाबारे जानकारी दिएको अटोचालक सोमलालले बताए ।

रतनपुर प्रहरी चौकीले इप्रका निजगढलाई खबर गरेसँगै फरार टिपरलाई पक्राउ गर्न अमलेखगंज इप्रकामा खबर गरेपछि टिपर पक्राउ गर्न सफल भएको इप्रका, निजगढका प्रनि घनश्याम श्रेष्ठले बताए । टिपर चालक र साहुले टिपरले घटना नघटाएको जिद्दी गरेसँगै टिपरको अगाडि र पछाडिको चक्काको साइडतर्फको फलामे पातामा आलो रगत देखाएपछि उनीहरूले जिद्दी गर्न छोडेको टिपर र चालक पक्राउ गर्न खटिएका प्रहरीले बताए ।

चीसोको कारण ज्याकेट लगाएकोले पाखुरासम्मको ज्याकेटको भाग नै चुँडिएर भुइँमा खसेको थियो । रतनपुरी चौकीबाट फर्केर भुइँमा खसेको हात लिएर उपचारका लागि वीरगंज लगिए पनि त्यहाँ उपचार हुन नसकेपछि चितवन अस्पतालमा रेफर गरिएको निजगढ प्रहरीले जनाएको छ । बढी रगत बगेकोले गम्भीर अवस्थामा पुगेका घाइते धनबहादुर अहिले खतरामुक्त रहेको बुझिएको छ ।

टिपर चालक जीतपुरसिमरा उपमहानगरपालिका–२२ का २३ वर्षीय टेकबहादुर लोप्चनलाई प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान अघि बढाएको छ । सो दुर्घटना रतनपुरी निजगढ सडकको लाल पार्किङनजीकै भएको हो ।

रौतटहको बाल्चनपुरबाट ईंटा लोड गरी नुवाकोट त्रिशूली लैजाँदै गरेको सो टिपरले राजमार्ग छोडी भित्री सडक निजगढ–रतनपुर–डमरपुर सडक हुँदै अमलेखगंज निस्कने र सो रात घरमा बास बसी बिहान गन्तव्य जाने तयारीका साथ आफू हिंडेको टिपर चालक लोप्चनले बताए । सो टिपरको ठक्करले अटोमा समेत क्षति पुगेको छ ।

### मन्दिरको....

गरेर वडा कार्यालयले भवन निर्माण गरेको बताए । भवन निर्माणपूर्व बसेको नगरपालिकाको बोर्ड बैठकमा जैसवालले सो जग्गा उपलब्ध गराउन सिफारिशपत्रमा हस्ताक्षर गरेको र बजेट विनियोजन गर्न पनि उनले सहमति जनाएको बताए । उनले अहिले आएर के कारणले विरोध गरेका हुन्, आफूलाई थाहा नभएको बताए ।

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे



छिपहरमाई गाउँपालिकाको भिस्वा नाकामा प्रहरी चौकी भिस्वाले सवारी चेकजाँचमा कडाइ गरेको छ। सवारीसाधनहरूको कागजात चेकजाँच गर्नुका साथै मोटरसाइकल चालकहरूले ट्राफिक नियम पालना गरे/नगरेको बारेमा चेकजाँच गरिएको चौकीका इन्चार्ज रुद्रप्रसाद भट्टले बताए। तस्वीरः सुग्रीव साह

# पूर्णिमा मेला शुरू, बाघमोर्चामा एक साता लाग्ने

प्रस, सेढवा, १० मङ्सिर/

पर्साको ग्रामीण भेगमा रहेका पाँचवटा शक्तिपीठहरूमा आइतवार रातिदेखि पूर्णिमाको मेला शुरू भएको छ। प्रत्येक वर्ष कार्तिक शुक्लपक्ष चतुर्दशीका दिन रातिदेखि यहाँका शक्तिपीठहरूमा मेला लाग्दै आएको छ।

ठोरी गाउँपालिका-५ सुवर्णपुरस्थित बाघमोर्चामाई, जीराभवानी गापा-५ को सुगीभारमाई मन्दिर, पटेर्वासुगौली गापा-१ स्थित गादीमाई मन्दिरमा मेलाको तयारी पूरा भइसकेको छ।

यसैगरी, सखुवाप्रसौनी गापा-१ स्थित कोइलाभार मन्दिर र पर्सागढी नगरपालिका-३ स्थित आमादेवी मन्दिरमा मेलाको तैयारी पूरा भइसकेको स्थानीयले बताएका छन्। आज साँझ दीप प्रज्वलन गरी शक्तिपीठहरूमा भक्तजनहरूले पूजा अर्चना गरे। राति लाग्ने मेलाको सुरक्षा व्यवस्थाका लागि जनपद प्रहरी तथा स्वयंसेवकहरू परिचालन गरिएको सुगीभारमाई मेला व्यवस्थापन समितिका सदस्य मुक्तिनारायण चौधरीले बताए।

मेलाको भोलि सोमवार पूर्णिमाको दिन बिहानदेखि मन्दिरमा बोका, हाँस, कुखुरालगायतको बलि चढाउने प्रचलन रहेको सुगीभार मेला व्यवस्थापन समिति सदस्य चौधरीले जानकारी गराए। थारू परम्परा अनुसार विवाह भएको एक वर्षपछि बेहुला र बेहुलीले लगाउने मौर र मौरीलाई आइतवार राति स्थानीय शक्तिपीठहरूमा चढावन गरिएको थियो।

पूर्णिमाको मेला एक रातको लागि लाग्ने गर्छ भने बाघमोर्चामा मात्र यो मेला एक साताको लागि लगाइने गरिन्छ।



पर्सागढी नगरपालिका-३ आमोदेबी मन्दिरमा लागेको मेला। तस्वीरः प्रतीक

## महिलाको शव भेटियो

प्रस, रौतहट, १० मङ्सिर/

राजपुर नगरपालिका-९ बैरिया बाँधभन्दा पूर्वपट्टि झाडीमा एकजना महिलाको शव भेटिएको छ।

सनाखत हुन नसकेको करीब २६ वर्षीया तराईवासी जस्तो देखिने महिलाको शव भेटिएको प्रहरी निरीक्षक उमाशङ्कर प्रसादले बताए। हरियो कुर्ता-सुरुवाल लगाएको महिलाको शव स्थानीयले देखेपछि इलाका प्रहरी कार्यालय, बन्जराको टोली घटनास्थलमा पुगेको थियो।

घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, रौतहटका सूचना अधिकारी दामोदर केसीले बताए।




# खेलकूदको संसार

## पर्सा फूटबल सङ्घको साधारणसभा सम्पन्न

प्रस, वीरगंज, १० मङ्सिर/

पर्सा जिल्ला फूटबल सङ्घको साधारणसभा हिजो शनिवार सौराहामा सम्पन्न भएको छ।

सङ्घको साधारणसभा पहिलोपटक सम्पन्न भएको र साधारणसभाले आफ्नै स्रोतबाट ग्रासरूट फूटबल प्रतियोगितालाई निरन्तरता दिने, जिल्ला तथा मधेसस्तरीय फूटबल प्रतियोगिताको आयोजना गर्ने, विभिन्न क्लबहरूले आयोजना गर्ने फूटबल प्रतियोगितामा सहकार्यको भूमिका निर्वाह गर्ने जस्ता निर्णय गरेको महासचिव विनोद परियारले बताए।




उनले सङ्घको साधारण सदस्यमा वीरगंज भेट्रान्स सिटी क्लब, विशाल मेमोरियरल फाउन्डेशन र शक्ति युवा क्लब, परवानीपुरलाई मताधिकारसहितको सदस्य मनोनीत गरिएको बताए।

सङ्घका अध्यक्ष अनिलकुमार कलवारको अध्यक्षता एवं मधेस प्रदेश फूटबल सङ्घका अध्यक्ष नेपाल कार्कीको प्रमुख आतिथ्यमा भएको साधारणसभामा मानदेव हजरा, ईश्वर यादव, हेमन्त चौरसिया, पङ्कज श्रेष्ठ, दीपक साहलगायतको सहभागिता थियो।

## राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान मल्लद्वारा पर्साका खेलाडीलाई प्रशिक्षण

प्रस, परवानीपुर, १० मङ्सिर/

नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान ज्ञानेन्द्र मल्ल अहिले वीरगंज भ्रमणमा छन्। क्यान, पर्साको निमन्त्रणमा उनी तीन दिवसीय प्रशिक्षण एवं भ्रमण कार्यक्रमको लागि वीरगंज आएका हुन्।

आगामी डिसेम्बर २१ देखि ३० सम्म नारायणी क्रिकेट रङ्गशालामा आयोजना हुने प्रो क्लब च्याम्पियनशिप (पिसिसी) प्रतियोगितामा सहभागी हुने पर्सेली खेलाडीहरूलाई प्रशिक्षण दिन उनी वीरगंज आएका क्यान, पर्साले जनाएको छ। ललितपुरका स्थानीय बासिन्दा मल्लले एशिया कपअगाडि राष्ट्रिय क्रिकेट टोलीको कप्तानबाट राजीनामा दिएका थिए। उनी नेपाली राष्ट्रिय टोलीका दोस्रो कप्तान र सफल क्रिकेटरको रूपमा चिनिन्छन्।

१७ वर्ष पहिले नारायणी क्रिकेट मैदानबाट अन्डर-१५ खेलेका मल्ल दोस्रोपटक प्रशिक्षकको रूपमा वीरगंज आउन पाउँदा क्यान, पर्सालाई धन्यवाद दिए। क्रिकेट खेलाडी उत्पादनको लागि वीरगंज उर्वरभूमि भएको र यहाँका खेलाडीहरूलाई



खेलाडीलाई प्रशिक्षण दिंदै कप्तान ज्ञानेन्द्र मल्ल (बीचमा)। तस्वीरः प्रतीक

प्रशिक्षण दिने क्रममा भएको परिचय र खेलाडीहरूको प्रतिभा देखेर आफू प्रभावित भएकोसमेत उनले बताए।

"नेपालका काठमाडौं, पोखरा, जनकपुर, हेटौंडा, धनगढी, बुटवलजस्तै वीरगंजबाट पनि सदैव प्रतिभाशाली खेलाडी नेपाली राष्ट्रिय टोलीले पाइरहेको छ। यसको मतलब क्रिकेट खेलाडीको लागि वीरगंज एउटा उर्वरभूमि हो," उनले भने, "आसिफ शेख र आरिफ शेख जसरी राष्ट्रिय टोलीमा खेलिरहेका छन्। त्यसरी नै आगामी दिनमा देशले वीरगंजसँग राम्रो खेलाडीको अपेक्षा राखेको छ।"

क्यान, पर्साका अध्यक्ष मनीष सिंहले पर्सेली खेलाडीहरूको क्षमता अभिवृद्धि र सीप सिकाइको लागि भारत बिहारको पूर्वउपकप्तान महम्मद रमतुल्लाह शाहरूखको तीन दिनको प्रशिक्षण क्याम्प र तीन दिनको मल्लको क्याम्पले पर्सेली खेलाडीहरूको मनोबल उच्च भएको आफूले महसूस गरेको बताए।

जोहरा इन्टरनेशनलको सहयोगमा क्यान, पर्साको आयोजनामा हुने उक्त प्रतियोगिताको पहिलो संस्करण भैरहवामा भएको थियो भने दोस्रो संस्करण वीरगंजमा हुन लागेको हो। जसमा राष्ट्रियस्तरका खेलाडीहरूबाट बनेका चारवटा नेपाली टीम र दुईवटा भारतीय टीम रहनेछन्। टीम र टुर्नामेन्टको कुल खर्चबारे पत्रकार सम्मेलन गरेर जानकारी गराइने क्यान, पर्साका पूर्वअध्यक्ष एवं प्रतियोगिताका निर्देशक दाउद अन्सारीले जानकारी दिए। उक्त प्रतियोगिताले मधेस प्रदेशमा क्रिकेटको विकास र संवर्द्धनमा टेवा पुऱ्याउने विश्वास लिएको क्यान, पर्साका उपाध्यक्ष एवं मधेस प्रदेशका मुख्य छनोटकर्ता मुर्तुजा हवारीले बताए।

## पटेर्वासुगौलीमा जङ्गली हात्तीको आतङ्क

प्रस, पंचगावाँ, १० मङ्सिर/

पटेर्वासुगौली गाउँपालिका-१ मलोलीटाँडी र कञ्चनपुरमा शुक्रवार राति जङ्गली हात्तीले ताण्डव मचाएको छ। राष्ट्रिय वन र पर्सा राष्ट्रिय निकुञ्जबाट हात्तीहरू हुल बाँधेर शुक्रवार राति साढे ९ बजेदेखि बिहान ३ बजेसम्म ती ठाउँहरूमा ताण्डव मताएर घर भत्काउनुका साथै अन्न राखिएको भकारीमा क्षति पुऱ्याएको स्थानीय काली मियाँ अन्सारीले बताए।



हात्तीले भत्काएको घर। तस्वीरः प्रतीक

उनले हात्तीको बथान आएर घरमा आक्रमण गरी घर भत्काएको र भकारीमा रहेको खाद्यान्नमा क्षति पुऱ्याएको बताए। हात्ती नियन्त्रणका लागि पर्सा राष्ट्रिय निकुञ्ज र स्थानीय प्रशासनसँग आग्रह गरिएको छ। एक साताअघि पनि पटेर्वासुगौलीमा हात्तीले पाँचवटा घर भत्काएर क्षति पुऱ्याएको थियो।

**विज्ञापन कारोबारलाई पारदर्शी बनाऔं**

सरकारी निकायले विज्ञापन गर्दाः

- सञ्चारमाध्यमको बिलको आधारमा भुक्तानी गरौं।
- विज्ञापन एजेन्सीमार्फत विज्ञापन प्रकाशन/प्रसारण गरेको भए सञ्चारमाध्यमको बिलको प्रतिलिपि संलग्न गरी एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा मात्र भुक्तानी गरौं।
- भुक्तानी गर्दा कर कट्टा गरी बाँकी रकमको तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं।
- विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड